सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१३ कात्तिक २०८२, बिहीबार (30 Oct 2025, Thursday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक १८९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

चुनावका लागि आयोगले माग्यो सात अर्ब ८१ करोड

बजेट मागसहितको आयोगको प्रस्ताव अर्थ मन्त्रालयमा,
अंक घटाएर निकासा गर्ने पक्षमा अर्थका अधिकारी



विगतका चुनावमा आयोगबाट कति खर्च ?

- ०७९ को प्रतिनिधिसभा र प्रदेश सभा निर्वाचनमा पाँच अर्ब ८१ करोड। सोही वर्षको स्थानीय तह निर्वाचनमा पाँच अर्ब चार करोड।
- ०७४ को प्रतिनिधिसभा र प्रदेश सभा निर्वाचनमा सात अर्ब ५९ करोड। सोही वर्ष तीन चरणमा भएको स्थानीय तह निर्वाचनमा ६ अर्ब ९७ करोड ९२ लाख।
- ०७० को दोस्रो संविधानसभा निर्वाचनमा तीन अर्ब ६ करोड ३० लाख। आठ दातृ राष्ट्रबाट तीन अर्ब १८ करोड नगद सहयोग।
- ०६४ को पहिलो संविधानसभा निर्वाचनमा दुई अर्ब ८० करोड ९५ लाख।

● आयोग प्रवक्ता **नारायणप्रसाद भट्टराई** भन्छन्- यसपालिको निर्वाचनमा बढी खर्च ढुवानीमा हुन सक्ने देखिन्छ



विगतको तुलनामा बढी बजेट मागेका होइनौं। फागुनमा हुने निर्वाचनमा मौसम प्रतिकूलताको जोखिम रहेकाले ढुवानी खर्च बढ्न सक्छ भन्ने अनुमान गरेका छौं। त्यसबाहेक मितव्ययिता अपनाउने नै सोचेका छौं। हामीले यसपालि मतपेटिका किन्दैनौं, कागजपत्र पनि किन्दैनौं। बढी खर्च हुन सक्ने भनेको ढुवानीमा हो।

आयोगले माग गरेबाहेक सरकारले निर्वाचनका लागि सुरक्षा बजेट अलगै विनियोजन गर्छ

पवन तिमिल्सिना/नयाँ पत्रिका

आगामी २१ फागुनका लागि निर्धारित प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि निर्वाचन आयोगले सरकारसँग सात अर्ब ८१ करोड रुपैयाँ बजेट माग गरेको छ। आयोगबाट बजेट रकम मागसहितको प्रस्ताव अर्थ मन्त्रालयमा पुगेको छ।

अर्थ मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेयले चुनावका लागि आयोगबाट बजेट मागको प्रस्ताव आएको र अंकमाथि छलफल गरेर

» पृष्ठ २ मा क्रमशः

राष्ट्रिय सभाका १८ सदस्यका लागि ११ माघमा निर्वाचन

राष्ट्रिय सभा उपाध्यक्ष घिमिरेसहित एमालेका आठ, माओवादीका सात, एकीकृत समाजवादी, जसपा नेपाल र लोसपाका एक-एक र राष्ट्रपतिबाट मनोनीत वामदेव गौतम गरी १९ सांसदको पदावधि २१ फागुनमा सकिँदै

काठमाडौं/ २१ फागुनमा पदावधि सकिन लागेका राष्ट्रिय सभाका १८ सदस्यको ठाउँमा नयाँ सदस्य चयनका लागि सरकारले ११ माघमा निर्वाचन तोकेको छ। बुधबार बसेको मन्त्रिपरिषद् बैठकले ६ वर्षे कार्यकाल पूरा गरी बिदाइ हुन लागेका एकतिहाइ सदस्यको ठाउँमा पदपूर्तिका लागि निर्वाचनको मिति तोकेको हो। नियमतः पदावधि सकिनुभन्दा कम्तीमा ३५ दिनअघि निर्वाचन गरेर नयाँ सदस्य चुन्ने अभ्यास छ।

५९ सदस्यीय राष्ट्रिय सभाको एकतिहाइ सदस्यको निर्वाचन प्रत्येक दुई वर्षमा हुने संवैधानिक व्यवस्था छ। यही व्यवस्थाअनुसार पदावधि सकिन लागेका १८ सदस्यका लागि निर्वाचनको मिति तोकिएको सञ्चारमन्त्री जगदीश खरेलले जानकारी दिए।

२१ फागुनबाट पदावधि सकिन लागेकाहरूमा एमालेबाट निर्वाचित राष्ट्रिय सभा उपाध्यक्ष विमला घिमिरेसहित विधायन व्यवस्थापन समिति सभापति तुलसाकुमारी दाहाल, प्रमुख सचेतक गोपाल भट्टराई, इन्दिरादेवी गौतम, देवेन्द्र दाहाल, भगवती न्यौपाने, शारदादेवी भट्ट र सुमित्रा बिसी छन्। त्यस्तै, माओवादीबाट निर्वाचित नारायणकाजी श्रेष्ठ, गोपीबहादुर सार्की अछामी, गंगाकुमारी बेलवासे, जगप्रसाद शर्मा, तारामान स्वाँर, मायाप्रसाद शर्मा, राधेश्याम पासवान छन्। एकीकृत समाजवादीका बेदुराम भुसाल, जसपा नेपालबाट मृगेन्द्रकुमार सिंह र लोसपाका शेखरकुमार सिंह छन्। राष्ट्रपतिबाट मनोनीत वामदेव गौतमको पनि पदावधि सकिँदै छ।

संसद् सचिवालयका अनुसार १८ सदस्यका लागि निर्वाचन हुनेछ भने गौतमको ठाउँमा एक सदस्य मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले मनोनीत गर्नेछन्। राष्ट्रिय सभा सदस्य निर्वाचनमा प्रदेश सभा सदस्य, पालिका प्रमुख र उपपप्रमुखहरू मतदाता हुन्छन् भने प्रदेश-प्रदेशमै मतदान हुन्छ।

निर्वाचनको मिति घोषणा भएसँगै निर्वाचन आयोगले आवश्यक तयारी अगाडि बढाएको छ। 'अन्तिम मतदाता नामावलीको तयारी गरिरहेका छौं। प्रदेशमा मतदान केन्द्र तोक्ने, निर्वाचन अधिकृत खटाउने, सामग्री व्यवस्थापन, मतपत्र छाप्नुपर्ने काम पनि अगाडि बढाउँछौं,' आयोगका सूचना अधिकारी सुमन घिमिरेले भने।

दल र जेन-जी पहिलोपटक संवादमा

आसन्न निर्वाचन र जेन-जी आन्दोलनका माग सम्बोधनका लागि सरकार, राजनीतिक दल र जेन-जी प्रतिनिधिबिच संवाद थालनी भएसँगै आवश्यक साझा धारणा बनाउने प्रारम्भिक आधार तयार

प्रधानमन्त्री सुशीला कार्कीको आह्वानमा बुधबार साँझ बालुवाटारमा बसेको सरकार, राजनीतिक दल र जेन-जी प्रतिनिधिको त्रिपक्षीय बैठक

■ **बैठकपछि प्रधानमन्त्री सुशीला कार्की उत्साही, भनिन्-** संवादले नयाँ विश्वास र सकारात्मक ऊर्जा जगाएको छ



सरकार, राजनीतिक दलहरू र जेन-जी प्रतिनिधिहरूबिच भएको संवादले नयाँ विश्वास र सकारात्मक ऊर्जा जगाएको छ। नयाँ पुस्ता, राजनीतिक दल र सरकार सबैको लक्ष्य एउटै छ- निष्पक्ष, सुरक्षित र समयमै निर्वाचन सम्पन्न गर्नु। भ्रष्टाचार नियन्त्रण, सुशासन र पारदर्शितामा हाम्रो साझा प्रतिबद्धता हो।

कमलराज भट्ट/नयाँ पत्रिका

जेन-जी आन्दोलनको डेढ महिनापछि अन्तरिम सरकारको अग्रसरतामा पहिलोपटक राजनीतिक दल र जेन-जीका प्रतिनिधि एउटै टेबलमा बसेका छन्। आसन्न निर्वाचन र आफूलाई प्राप्त म्यान्डेटअनुसार काम गर्ने वातावरण बनाउन प्रधानमन्त्री सुशीला कार्कीले बुधबार

» पृष्ठ २ मा क्रमशः

जेन-जी प्रतिनिधिले खोजे भ्रष्टाचार नियन्त्रण र सुशासनको सुनिश्चितता

जेन-जी नेता रक्षा बमले आफूहरूको मुख्य एजेन्डा भ्रष्टाचार नियन्त्रण भएको बताइन्। 'जेन-जीको मुख्य एजेन्डा एन्टिकरप्सन हो। सरकारले तदारुकताका साथ छानबिन गर्नुपर्छ,' उनले भनिन्, 'संसद् विघटन भइसक्यो। अब इफ-बट केही बहाना चल्दैन। पछाडि फर्किने कुरा बन्द गर्नुस्।' सुदन गुरुङ समूहका जेम्स कार्कीले नयाँ पुस्तालाई सबै राजनीतिक दलले स्थान दिनुपर्ने बताए। 'तपाईंहरूबाट भएन। अब न्यु लिडरलाई स्थान दिनुपऱ्यो, चान्स दिनुपऱ्यो। हामीले खोजेको त्यत्ति नै हो,' उनले भने। जेन-जी नेता मिराज ढुंगानाले संविधान संशोधन गरेर मात्र चुनावमा जानुपर्ने धारणा राखेका थिए। 'हाम्रो एजेन्डा संविधान संशोधनमार्फत प्रदेश खारेज हो। प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री हो। त्यसपछि चुनावमा जानुपर्छ,' उनले भने। जेन-जी नेता दिवाकर दंगालले उल्टो बाटो हिँड्ने कुरा नगर्न दलहरूलाई सचेत गराए। 'संविधानभन्दा माथि देश र जनता हुन्छ भन्ने कुरा नबिर्सिनुस्। चुनावमा आउनका लागि यहाँहरूलाई आह्वान गर्यौं। अब सबै मिलेर वातावरण निर्माण गरौं,' उनले भने। जेन-जी नेपाल समूह सुदूरपश्चिम प्रदेश संयोजक खेमराज साउदले समयमै चुनाव हुनुपर्ने बताए। 'समयमै चुनाव गर्न दल, जेन-जी र सरकार सहमत भयौं। आन्दोलन संस्थागतका लागि सरकारलाई सहयोग गर्नुपर्छ। अहिलेको अवस्थामा चुनाव गरेर निर्वाचित सरकार बनाउन हामी सबै लाग्नुपर्छ,' उनले भने।

दलका नेताले बैठकमा के भने ?

● **गगन थापा**, कांग्रेस महामन्त्री

चुनाव त तोकेकै मितिमा गर्नुपर्छ, चुनावको विकल्प छैन। तर, चुनावमा जानुअघि हामीले चुनावपछि के काम गर्ने भनेर तय गरेर जानुपर्छ, त्यसमा सहमति खोज्नुपर्छ।

● **महेश बर्तौला**, एमाले नेता

सरकारको समग्र क्रियाकलाप हेर्दा उसको मेन्युमै चुनाव छैन। २१ फागुनमा चुनाव हुँदैन, सरकारले गर्दैन। निकासको एउटै विकल्प संसद् पुनर्स्थापना हो।

● **वर्षमान पुन**, माओवादी नेता

मुलुकलाई संवैधानिक प्रक्रियामा लाने भनेकै निर्वाचनमार्फत हो। सरकार निर्वाचनको तयारी र विश्वसनीय वातावरण निर्माणमा लाग्नुपर्छ। निर्वाचनमा होमिन तयार छौं।

● **निशा डाँगी**, राप्रपा नेता

चुनाव फ्री एन्ड फेयर हुनुपर्छ। दल, निर्वाचन आयोग र सबै स्टेकहोल्डर चुनावमा जानुपर्छ। सरकारले चुनावको तयारी गरिरहेको छ, हामीले सहयोग गर्नुपर्छ।

● **प्रकाश ज्वाला**, एकीकृत समाजवादी

कुनै दल निर्वाचनमा जान तयार छैन भने उहाँलाई छोडिदिऊँ। जो-जो जान्छ, हामीहरू जाऊँ। चुनाव रोकिनुहुन्न। चुनावको विकल्प चुनाव नै हो।

● **राजेन्द्र गुरुङ**, राप्रपा

राजा, दल र जेन-जी पुस्ताको त्रिपक्षीय वार्ता गर्यौं। त्यसपछि देशलाई चुनावमा लग्यौं भने सबैले जित्ने परिस्थिति निर्माण हुन्छ। नत्र विद्रोह हुन्छ।

प्रतिनिधिसभा विघटन र अन्तरिम सरकारविरुद्ध आएन अन्तरिम आदेश

सर्वोच्चको आदेशसँगै चुनावी प्रक्रिया अघि बढाउन सरकारलाई सहज

■ सर्वोच्चको लिखित आदेशमा भनिएको छ-



निवेदकले अन्तरिम आदेश माग गरेको विषयवस्तुसमेत रिट निवेदकको अन्तिम सुनुवाइ हुँदा विचार गर्नुपर्ने प्रकृतिको देखिँदा हाल निवेदन माग-दाबीबमोजिम अन्तरिम आदेश जारी गरिरहनुपरेन।

नयाँ पत्रिका

प्रतिनिधिसभा विघटन र अन्तरिम सरकार गठनविरुद्ध परेको रिटमा सर्वोच्च अदालतले अन्तरिम आदेश दिन अस्वीकार गरेको छ। १६ रिटमा बुधबार प्रारम्भिक सुनुवाइ गर्दै सर्वोच्च अदालतको संवैधानिक इजलासले अन्तिम सुनुवाइ हुँदा नै विचार गर्नुपर्ने प्रकृतिको भएको भन्दै अन्तरिम आदेश दिन अस्वीकार गरेको हो।

सर्वोच्चको लिखित आदेशमा भनिएको छ, 'साथै निवेदकले अन्तरिम आदेश माग गरेको विषयवस्तुसमेत रिट निवेदकको अन्तिम सुनुवाइ हुँदा विचार गर्नुपर्ने प्रकृतिको देखिँदा हाल निवेदन माग-दाबीबमोजिम अन्तरिम आदेश जारी गरिरहनुपरेन।' प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतसहितको इजलासले यस्तो आदेश दिएको हो। अन्तरिम आदेश नदिएसँगै अन्तरिम सरकारलाई चुनावको प्रक्रिया अघि बढाउन सहज भएको छ।

इजलासले विपक्षी बनाइएका राष्ट्रपति कार्यालयलगायत निकायसँग यस सम्बन्धमा बाटोको म्यादबाहेक सात दिनभित्र लिखित जवाफ पेस गर्न पनि आदेश दिएको छ।

» पृष्ठ २ मा क्रमशः

सरकारले तत्काल ११ देशमा रिक्त राजदूत नियुक्त नगर्ने

कार्यवाहक राजदूतलाई परराष्ट्रबाट थप समन्वय गरिने

(विस्तृत पृष्ठ ३)


कर्नर किक

● रवि मिश्र



■ देखिन थाल्यो मोन्था चक्रवातको असर

आजभन्दा भोलि धेरै ठाउँमा वर्षा र हिमपात, कोशीको तराई र मधेशमा ठुलो वर्षाको सम्भावना



यम बम/नयाँ पत्रिका

बंगालको खाडीमा विकसित चक्रवात 'मोन्था'को असर नेपालमा बुधबार साँझबाट देखापरेको छ। मंगलबार राति भारतको आन्ध्र प्रदेशमा प्रवेश गरेको चक्रवात उत्तर-उत्तर पश्चिम दिशामा सर्दै न्यूनचापीय क्षेत्रका रूपमा नेपालको मध्य भू-भागमा बुधबार भित्रिएको हो।

■ **वर्षाको चेतावनीपछि मधेशमा विपत् व्यवस्थापन समितिको बैठक**

यो प्रणालीले शनिबार बिहानसम्म कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनीको मौसम प्रतिकूल हुने देखिन्छ। बिहीबारभन्दा शुक्रबार ठुलो वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाका

» पृष्ठ २ मा क्रमशः

● **वरुण पौडेल**, वरिष्ठ मौसमविद् मौसम पूर्वानुमान महाशाखा



चक्रवातको बादल बुधबार साँझबाटै मध्यनेपालमा प्रवेश गरिसकेको छ। बिहीबारबाट वर्षा हुने देखिन्छ। शुक्रबार कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा वर्षा तथा कोशी र बागमतीका हिमाली क्षेत्रमा बाक्लो हिमपात हुने देखिन्छ।

■ यस्तो छ दुई दिनको मौसम प्रक्षेपण

बिहीबार **दिउँसो** : कोशी, मधेश, बागमतीका धेरै स्थान, गण्डकी र लुम्बिनीका पहाडी तथा हिमाली भू-भागका केही स्थानमा मध्यम वर्षा। कर्णाली र सुदूरपश्चिमका थोरै स्थानमा हल्का वर्षा। उच्च पहाडी तथा हिमाली भू-भागका केही स्थानमा मध्यम हिमपात।

● **राति** : कोशी, मधेश र बागमतीका अधिकांश स्थान, गण्डकी र लुम्बिनीका धेरै स्थानमा मध्यम वर्षा तथा बाँकी पहाडी भू-भागका थोरै स्थानमा हल्का वर्षा। कोशी, मधेश, बागमती, लुम्बिनीका एक-दुई स्थानमा ठुलो वर्षा। कोशी, बागमती र गण्डकीका उच्च पहाडी तथा हिमाली भू-भागका एक-दुई स्थानमा बाक्लो हिमपात।

शुक्रबार **दिउँसो** : कोशी, मधेश, बागमतीका अधिकांश स्थान, गण्डकी र लुम्बिनीका पहाडी तथा हिमाली भूभागका धेरै स्थानमा मध्यम वर्षा। कोशी, मधेश र बागमतीका थोरै स्थान तथा लुम्बिनीका एक-दुई स्थानमा ठुलो वर्षा। त्यस्तै, कोशी, बागमती र गण्डकीका उच्च पहाडी तथा हिमाली भू-भागका धेरै स्थान तथा कर्णालीका केही स्थान तथा बाँकी पहाडी र हिमाली भू-भागका एक-दुई स्थानमा मध्यम हिमपात। कोशी र बागमतीका उच्च पहाडी तथा हिमाली भू-भागका एक-दुई स्थानमा बाक्लो भारी हिमपात। ● **राति** : कोशी, मधेश र बागमतीका धेरै स्थान, गण्डकी तथा लुम्बिनीका थोरै स्थानमा मध्यम वर्षा तथा बाँकी पहाडी भूभागका एक-दुई स्थानमा हल्का वर्षा। कोशी, मधेश र बागमतीका थोरै स्थानमा ठुलो वर्षा। त्यस्तै, कोशी र बागमतीका उच्च पहाडी तथा हिमाली भूभागका धेरै स्थान तथा गण्डकी र कर्णालीका उच्च पहाडी तथा हिमाली भूभागका थोरै स्थान तथा बाँकी उच्च पहाडी तथा हिमाली भू-भागका एक-दुई स्थानमा मध्यम हिमपात। कोशी र बागमतीका उच्च पहाडी तथा हिमाली भूभागका एक-दुई स्थानमा बाक्लो हिमपात।

४० वर्षदेखि पर्यटक डोऱ्याउँदै गोपाल

'भरिया भएर देश देखेँ'

पर्यटकलाई डोऱ्याउने काम अर्थात् ट्रेकिङ गाइड बनेर आफूले संसार देखेको उनी बताउँछन्। 'विभिन्न देशका पर्यटकसँगै हिँड्ने मौका पाएँ। उनीहरूलाई बुझ्न पाएँ। सबैभन्दा ठुलो कुरा त मैले मेरो देशलाई हेर्न पाएँ। यहीँ रमाउन पाएको छु,' उनले भने। गाउँमा खेतबारी खन्नुभन्दा भारी बोकेरै रमाउन आफूलाई ठिक लागेको उनले सुनाए।



अन्नपूर्ण पदयात्रामा विदेशी पर्यटकसँग गोपाल काप्री

बागलुङमा **नारायण रिजाल**

अन्नपूर्ण पदमार्गको एउटा रमणीय गन्तव्य घोरेपानी, बिहानको घाम अलिकति माथि उठिसकेको थियो। एकाबिहानै पुनहिल पुगेर सूर्योदय हेरेर फर्किने आन्तरिक तथा बाह्य पर्यटक ओरालो लागेर अर्को नयाँ गन्तव्य समाउने तर्खरमा थिए। यही समूहमा भेटिए गोरखाका गोपाल काप्री।

हातमा लट्ठी, काँधमा झोला र शिरमा ऊनीको टोपी। यही भेषमा पर्यटकलाई पछि लगाएर उनी हिँड्न थालेको चार दशक बितिसकेछ। सामान्य लेखपढ गरेका गोपाल अंग्रेजी धेरै नजाने पनि थोरैथोरै बोल्छन्। 'एस, नो'को उत्तर दिन्छन्। 'आज ताडापानी पुग्नु छ,' केही दिनअघि घोरेपानीमा भेटिएका उनले भने, 'उमेरले बुढो भए पनि जोस नयाँको जस्तै छ, २५ वर्षको तन्नेरीले जस्तै भारी बोक्न सक्छु, मन त अझै युवा छ।'

गोरखाको आरुघाट गाउँपालिकाका काप्री ६३ वर्षका भइसके। उनको जोस र हिँडाइ र भारी बोक्ने क्षमता

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

राष्ट्रसंघीय सम्मेलनमा सहभागी हुन राष्ट्रपति पौडेल कतार जाँदै

नयाँ पत्रिका

राष्ट्रपति रामचन्द्र पौडेलले कतारको चारदिने भ्रमण गर्ने भएका छन्। बुधबारको मन्त्रिपरिषद् बैठकले १७ देखि २० कात्तिकसम्म हुने राष्ट्रपति पौडेलको भ्रमण स्वीकृत गरेको छ। कतार सरकार र संयुक्त राष्ट्रसंघको इकोनोमिक एन्ड सोसल काउन्सिल (आर्थिक तथा सामाजिक परिषद्)ले आयोजना गर्न लागेको विश्व सामाजिक विकास शिखर सम्मेलनमा सहभागी हुन राष्ट्रपति जान लागेका हुन्।

दोस्रो विश्व सामाजिक विकास शिखर सम्मेलन (सेकेन्ड वर्ल्ड समिट फर सोसल डेभलपमेन्ट) नाम दिइएको कार्यक्रममा सहभागी हुन अन्य देशबाट पनि शीर्ष नेता सहभागी हुनेछन्। काउन्सिलको अध्यक्ष हाल संयुक्त राष्ट्रसंघ (न्युयोर्क)का लागि नेपाली स्थायी प्रतिनिधि (राजदूत) लोकबहादुर थापा छन्।



कतारको दोहास्थित राष्ट्रिय सममेलन केन्द्रमा १८ देखि २० कात्तिकसम्म सम्मेलन आयोजना हुँदै छ। सञ्चारमन्त्री जगदीश खरेलले राष्ट्रपतिको भ्रमण औपचारिक भएको जानकारी दिए। कतारका अमिर (राष्ट्राध्यक्ष) शेख तामिम बिन हमाद अल थानीको औपचारिक निमन्त्रणामा राष्ट्रपति जान लागेका हुन्। राष्ट्रपतिले सम्मेलनलाई सम्बोधन गर्नेसमेत कार्यक्रम छ। कतारका अमिरले गत ११ वैशाखमा नेपालको राजकीय भ्रमणका बेला राष्ट्रपति पौडेललाई निमन्त्रणा दिएका थिए।

सम्मेलन ३० वर्षपछि हुन लागेको छ। पहिलो शिखर सम्मेलन डेनमार्कको कोपनहेगनमा ०५२ मा भएको थियो। सम्मेलनले गरिबी निवारण, समावेशी विकासलगायत विभिन्न विषयमा १० प्रतिबद्धता जनाएको थियो। ती एजेन्डामा पुनः जोड दिँदै कार्यान्वयनमा प्रतिबद्धता दोहोऱ्याइने कतार सरकारले वेबसाइटमा उल्लेख गरेको छ।

'विश्वमा बढ्दो असमानता, जनसांख्यिक परिवर्तन तथा तीव्र प्रविधि तथा वातावरणीय रूपान्तरणका बिच दोस्रो विश्व सामाजिक विकास शिखर सम्मेलन आयोजना हुन लागेको छ,' राष्ट्रसंघीय परिषद्ले भनेको छ, 'शिखर सम्मेलनको उद्देश्य सामाजिक प्रगतिलाई अगाडि बढाउँदै दिगो विकासको यात्रामा कसैलाई पनि नछाड्ने सुनिश्चित गर्नु हो।'

काउन्सिलका अनुसार विश्वका नेताहरूले सम्मेलनबाट सामाजिक प्रगतिका रणनीतिहरू पुनः परिभाषित गर्नेछन् भने विश्वव्यापी साझेदारी थप सुदृढ गर्नेछन्।

'संवाद, सहकार्य र साझा समाधानका लागि सम्मेलनले एउटा महत्त्वपूर्ण मञ्चका रूपमा काम गर्नेछ, यसले सरकार, अन्तर्राष्ट्रिय संस्था, संयुक्त राष्ट्रसंघीय प्रणाली, नागरिक समाज, सहकारी संस्था, शैक्षिक क्षेत्र, निजी क्षेत्र र विज्ञहरूलाई समावेशी सामाजिक विकासका लागि सहकार्य गर्न एकजुट गर्नेछ,' काउन्सिलले भनेको छ।

■ हिमपातका कारण पदयात्रामा गएकाहरू मारमा

मुस्ताङमा १५ जना सम्पर्कविहीन, गोरखामा ६ जना उद्धारको पर्खाइमा

पोखरामा **रोहितराज पराजुली**

हिमाली क्षेत्रमा हिमपातसँगै मौसम प्रतिकूल बन्दा मुस्ताङमा तीन विदेशी र १२ नेपाली गरी १५ जना पर्यटक सम्पर्कविहीन भएका छन्। गोरखामा तीन नेपाली र तीन विदेशी गरी ६ जना उद्धारको पर्खाइमा छन्।

जिल्ला प्रहरी कार्यालय मुस्ताङका प्रमुख प्रहरी नायब उपरीक्षक छिरिङ किप्पा लामाका अनुसार तीन बेलायती महिला पर्यटक र उनीहरूसँग गएका गाइड, भरिया, सहयोगी गरी १२ जना नेपालीसहित १५ जना थासाङ गाउँपालिका-१, टुकुचे हिमालको 'हिडन भ्याली'आसपासबाट सम्पर्कविहीन भएका हुन्। धौलागिरि हिमाल सर्किटबाट फर्किँदै गरेकाहरू बुधबार बिहान साढे ११ बजेसम्म सम्पर्कमा रहे पनि त्यसपछि सम्पर्कविहीन भएको लामाले बताए। त्यस क्षेत्रमा मोबाइल र इन्टरनेट सेवाको पहुँच छैन। उनीहरूसँग भएको ट्राभल एजेन्सीको सञ्चार सेटमा बिहानसम्म सम्पर्क हुँदै आए पनि त्यसपछि सम्पर्कमा छैनन्

मुस्ताङका प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुसालले उद्धारका लागि सडकबाट एक टोली गएको बताए। मौसममा सुधार भए बिहीबार हेलिकोप्टरबाट समेत उद्धार प्रयास हुने उनले बताए।

त्यस्तै, गोरखामा ६ जना उद्धार गर्नुपर्ने अवस्थामा रहेका जिल्ला प्रहरी कार्यालय गोरखाका सूचना अधिकारी राजकुमार श्रेष्ठले बताए। उनका अनुसार चुमनुब्री गाउँपालिकास्थित पाङबारीमा रहेका तीन नेपाली र तीन इटालियन पर्यटक अप्ठ्यारो अवस्थामा रहेकाले उद्धारको पर्खाइमा छन्। अप्ठ्यारो अवस्थामा रहे पनि हालसम्म सुरक्षित रहेको उनले बताए। बुधबार उद्धारको प्रयास भए पनि मौसम खराबीका कारण गर्न नसकिएको र बिहीबार हेलिकोप्टरमार्फत उद्धार गरिने श्रेष्ठले बताए।

■ तिलिचो गएका चार सय पर्यटक सुरक्षित स्थानमा

जिल्ला प्रहरी कार्यालय मनाङका सूचना अधिकारी मनोज बस्नेतका तिलिचो ताल गएकामध्ये अधिकांश पर्यटक बेँसी झरिसकेका छन्। बुधबार मात्र चार सयभन्दा बढी सुरक्षित स्थानमा आएको उनले बताए। हिउँका कारण बन्द भएका सडक सुचारु भएसँगै पर्यटक फर्केका र गाडी नपाएकाहरू होटेलमा रहेको उनले बताए।

जिल्ला प्रहरी कार्यालय म्याग्दीका सूचना अधिकारी सागर तिमिल्सिनाका अनुसार अन्नपूर्ण आधार शिविर उत्तरमा धेरै पर्यटक गए पनि सबै बेँसी झरिसकेका छन्।

दल र जेन-जी...

पृष्ठ १ बाट क्रमशः

बालुवाटारमा बोलाएको बैठकमा राष्ट्रिय मान्यता प्राप्त अधिकांश दलले चुनावमा भाग लिने प्रतिबद्धता जनाएका छन्। एमालेले भने सरकारको वैधता र सुरक्षाको विषय उठाउँदै आनाकानी गरेको छ। सरकार, राजनीतिक दल र जेन-जी प्रतिनिधिहरूको त्रिपक्षीय बैठकले २१ फागुनमा तोकिएको प्रतिनिधिसभाको निर्वाचन स्वतन्त्र र निष्पक्ष ढंगले सम्पन्न गर्नुपर्ने निष्कर्ष निकालेको छ। यद्यपि, बैठकमा चुनावका लागि सरकारले शान्तिसुरक्षा, स्रोत-साधन र जनशक्ति व्यवस्थापनको अनुकूल वातावरण बनाउनुपर्ने, दल र जेन-जीहरूले चुनावपछि बन्ने संसद्ले गर्ने संविधान संशोधन र शासकीय सुधारजस्ता मुख्य कार्यहरू पहिल्यै समझदारीमा टुंग्याउनुपर्ने साथै भ्रष्टाचार नियन्त्रण र सम्पत्ति छानबिनमा सरकार सक्रिय हुनुपर्ने धारणा प्रस्तुत भएका छन्।

बैठकमा अहिले चुनाव हुने परिस्थिति नै नदेखिएकाले संसद् पुनर्स्थापना गरेर जानुपर्ने धारणा राखेको एमालेलाई प्रधानमन्त्री, गृहमन्त्री, जेन-जी प्रतिनिधि र अन्य दलका प्रतिनिधिले जवाफ दिएका थिए। सहभागीहरूका अनुसार एमाले प्रतिनिधिसँग प्रधानमन्त्री र जेन-जी प्रतिनिधिको वाद-प्रतिवाद नै चलेको थियो। स्रोतका अनुसार बैठकमा एमालेले 'जुनियर' नेता पठाएकोमा प्रधानमन्त्री कार्कीको असन्तुष्टि थियो।

प्रधानमन्त्री कार्कीले संवादले नयाँ विश्वास र सकारात्मक ऊर्जा जगाएको बताएकी छिन्। 'आज सरकार, राजनीतिक दलहरू र जेन-जी प्रतिनिधिहरूबिच भएको संवादले नयाँ विश्वास र सकारात्मक ऊर्जा जगाएको छ। देशका चुनौतीहरू हामी सबैका साझा हुन्, त्यसैले समाधान पनि साझा प्रयास र निरन्तर संवादबाटै सम्भव हुन्छ। हामी संवादहीनताको अवस्था अन्त्य गर्दै सहकार्य र विश्वासको वातावरण निर्माण गर्न सफल भएका छौँ,' बैठकपछि प्रधानमन्त्री कार्कीले सामाजिक सञ्जालमा लेखेकी छिन्, 'नयाँ पुस्ता, राजनीतिक दल र सरकार सबैको लक्ष्य एउटै छ- निष्पक्ष, सुरक्षित र समयमै निर्वाचन सम्पन्न गर्नु। भ्रष्टाचार नियन्त्रण, सुशासन र पारदर्शिताप्रति हाम्रो साझा प्रतिबद्धता हो। यही आधारमा हामी स्थिरता, जवाफदेहिता र लोकतान्त्रिक अभ्यासलाई संस्थागत गर्दै अगाडि बढ्छौँ।'

बुधबार अपराह्न ४ बजेदेखि राति ९ बजेसम्म पाँच घण्टा चलेको छलफलमा चुनाव, सुशासन, भ्रष्टाचार नियन्त्रण, जेन-जी आन्दोलनमा भएको जनधनको क्षतिको अनुसन्धान गरेर कारबाही प्रक्रिया अगाडि बढाउने सन्दर्भमा छलफल भएको सञ्चारमन्त्री जगदीश खरेलले बताए। 'छलफल असाध्यै उपलब्धिपूर्ण, महत्त्वपूर्ण र सौहार्दपूर्ण रह्यो। चुनाव, सुशासन, भ्रष्टाचार नियन्त्रण र आन्दोलनमा भएको जनधनको क्षतिको सन्दर्भमा गहन छलफल भएको छ। आन्दोलनले उठाएको म्यान्डेटलाई राज्यले कसरी मान्यता दिएर अगाडि बढाउने भनेर छलफल भयो। सबै दलले चुनावमा जान्नँ भन्नुभएन। सुरक्षा, स्रोत-साधन, जनशक्ति र मौसमको चुनौतीको विषय राख्नुभयो,' उनले भने, 'सरकारले चुनाव गराओस्, जे-जस्तो सहयोग गर्नुपर्छ तयार छौँ भन्नुभयो। एमालेले चुनावको वातावरण बन्छ कि बन्दैन, गराउन सक्छ कि सक्दैन भनेर चासो राखेको छ। तर, भागै नलिने भनेको छैन। अधिकांश दलले सरकार अगाडि बढोस्, हामी साथ दिन्छौँ भन्नुभएको छ।'

मन्त्री खरेलका अनुसार जेन-जी प्रतिनिधिले सुशासन, भ्रष्टाचार नियन्त्रणको कुरा राखेका थिए। अहिलेसम्म भएका गल्तीहरूलाई दलहरूले रियलाइजेसन गर्नुपर्छ भनेर धारणा राखेका थिए। चुनावको पक्षमा आफूलाई राख्दै जेन-जीहरूले भ्रष्टाचार र सुशासनका मुद्दा, शासकीय प्रणालीको विषयमा पनि कुरा उठाएका थिए। 'दल र जेन-जी पहिलोपटक आमने-सामने भएर मुलुकको बाटो यसरी तय गरौँ भनेर सौहार्दपूर्ण छलफल भयो,' खरेलले भने।

छलफलको सुरुवातमा प्रधानमन्त्री कार्कीले देश बनाउन जेन-जी, दल र सरकार मिलेर जानुपर्ने धारणा राखेकी थिइन्। 'मुलुक हाम्रो हो, हामीले नै बनाउने हो, हामीले नबनाए कसैले बनाइदिँदैन,' प्रधानमन्त्रीको भनाइ उद्धृत गर्दै प्रेस सल्लाहकार राम रावलले भने, 'एकपटकको कुराकानीले हुँदैन, बारम्बार हुनुपर्छ। हामीले सुरुवात गरेका छौँ।'

छलफलमा जेन-जीका प्रतिनिधिले २१ फागुनको निर्वाचनलाई समर्थन जनाउँदै आफूहरूको मुख्य माग भ्रष्टाचार नियन्त्रण र सुशासनको सुनिश्चितता रहेको दोहोऱ्याएका थिए। 'चुनाव चाहिएको छ, गर्नुपर्छ। तर, चुनाव-चुनाव भनेर मात्र हुँदैन। हाम्रो आन्दोलनको मुख्य माग सुशासन र भ्रष्टाचारविरुद्धको कारबाही हो। यी दुवै एजेन्डामा सरकार सँगसँगै अगाडि बढ्नुपर्छ,' जेन-जी प्रतिनिधिहरूले भनेका थिए। जेन-जीका तर्फबाट रक्षा बम, जेम्स कार्की, दिवाकर दंगाल, पुरुषोत्तम यादव, मिराज ढुंगाना, अमित खनाल ऊर्जा, रिजन रानामगर, सामना घर्ती, मोनिका निरौला, उपार्जुन चाम्लिङ, खेम साउद, भोजविक्रम थापा (सहिद परिवार प्रतिनिधि), अभिषेक श्रेष्ठ (घाइते प्रतिनिधि), विवेक ढकाल र सागर ढकालले बोलेका थिए।

सञ्चारमन्त्री खरेलका अनुसार जेन-जीका प्रतिनिधिले सुशासनको प्रत्याभूति मुख्य माग भएकाले चुनाव सँगसँगै अगाडि बढाउन सरकारको ध्यानाकर्षण गराएका थिए। उनले भने, 'जेन-जी प्रतिनिधिले जसरी आन्दोलन भयो र आन्दोलनमा जे-जस्ता माग उठेका छन्, त्यसको सुनुवाइ हुनुपर्छ, मुलुकमा सुशासन हुनुपर्छ, भ्रष्टाचारको अन्त्य हुनुपर्छ भन्नुभएको छ। साथै उहाँहरूले चुनावको समेत समर्थन गर्नुभएको छ। 'राजनीतिक दलहरूलाई अझै बढी जिम्मेवार बन्नुपर्छ भन्ने कुरा गर्नुभएको छ।'

दलहरूका प्रतिनिधिले के भने ?

कांग्रेसका तर्फबाट महामन्त्री गगन थापा र प्रवक्ता प्रकाशशरण महतले संविधानलाई ट्र्याकमा ल्याउन चुनावको विकल्प नभएको बताएका थिए। 'चुनाव त तोकेकै मितिमा गर्नुपर्छ, चुनावको विकल्प छैन। तर, चुनावमा जानुअघि हामीले चुनावपछि के काम गर्ने भनेर तय गरेर जानुपर्छ,' थापाले भने।

प्रवक्ता महतले पनि संविधानलाई ट्र्याकमा ल्याउने एउटा माध्यम चुनाव भएको, तर त्यसका लागि सरकार तयार हुनुपर्ने र विश्वासको वातावरण बनाउनुपर्ने बताए। 'विश्वास दिलाउने काम भएको छैन। शान्तिसुरक्षाको तयारी, हतियार लुटिएको, कैदी भागेको, प्रहरीको मनोबलजस्ता विषयमा काम गर्नुपर्ने छ। सरकार यसमा लाग्नुपऱ्यो।'

जेन-जी युवाहरूले दलहरूबाट सुशासनमा कमजोरी भएको गुनासो आएको भन्दै आफूहरूले छलफलमा कमी-कमजोरी स्विकारेको बताए। 'उहाँहरूले कमी-कमजोरी स्विकार्नुपर्छ भन्नुभयो। हामीले तपाईंहरूले खबरदारी गरिरहनुस्। भ्रष्टाचार र बेथितिमा जिरो टोलरेन्स आत्मसात् गर्नुपर्छ भन्यौँ,' महतले भने।

एमाले नेता महेश बर्तौलाले सरकारको समग्र गतिविधिबाट चुनाव प्राथमिकता छैन भन्ने देखिएको र २१ फागुनमा चुनाव नगराउने देखिएकाले संसद् पुनर्स्थापनाको विकल्प नभएको धारणा राखेका थिए। 'सरकारको समग्र क्रियाकलाप हेर्दा उसको मेन्युमै चुनाव छैन। सरकारको प्राथमिकतामा छैन भने २१ फागुनमा हुँदैन। सरकारले गर्दैन,' उनले भने, 'अहिलेको समग्र राजनीतिक परिस्थिति, अस्थिरता अन्त्य गर्दै स्थिरतातर्फ लैजाने एउटै विकल्प संसद् पुनर्स्थापना हो। पुनस्थापनामार्फत राजनीतिक प्रश्न हल गरेर चुनावमा जानु उत्तम विकल्प हो।' संसद् पुनर्स्थापना गरेर उठेका राजनीतिक प्रश्न, भ्रष्टाचार र सुशासनका लागि अभाव भएका कानुन, संविधान संशोधनजस्ता विषय हल गर्ने गरी फराकिलो सहमतिबाट अगाडि बढ्नुपर्ने उनको भनाइ थियो।

माओवादी नेता नारायणकाजी श्रेष्ठले जेन-जी आन्दोलनपछिको परिवर्तित परिस्थितिमा चुनावको विकल्प नभएको बताए। 'अब हामी एउटा निकासका लागि निर्वाचनमा जानुपर्छ। जेन-जीले हाम्रो मुद्दा उठाउनुभयो। उहाँहरूप्रति सम्मान छ,' उनले भने। माओवादीकै अर्का नेता वर्षमान पुनले चुनाव गर्दै संविधानको रक्षा गर्नुपर्ने धारणा राखे।

रास्वपाकी निशा डाँगीले कुनै हालतमा चुनावमा जानुपर्ने धारणा राखिन्। 'सरकारले २३ भदौमा गरेको दमन देख्नेबित्तिकै रास्वपाले अर्ली इलेक्सनमा जानुपर्छ भनेर निर्णय नै गरेको हो। चुनाव फ्री एन्ड फेयर हुनुपर्छ। दल, निर्वाचन आयोग र सबै स्टेकहोल्डर एग्री गरेर चुनावमा जानुपर्छ,' उनले भनिन्, 'त्यो नयाँ प्रतिनिधिसभा गठन भइसकेपछि गर्ने कामहरूको अहिले नै सर्वदलीय सहमति गर्नुपर्छ। चुनावअगाडि नै सबै पार्टीले युवा पुस्तालाई कसरी समेट्ने भनेर छलफल गर्नुपर्छ। सरकारले चुनावको तयारी गरिरहेको छ, हामीले सहयोग गर्नुपर्छ। युवा पुस्तालाई यही चुनावबाट ल्याउनुपर्छ।'

राप्रपाका महामन्त्री राजेन्द्र गुरुङले देशलाई निकास दिन अभिभावक संस्थाको रूपमा राजसंस्था वा राजा अपरिहार्य भएको धारणा राखेका थिए। गुरुङले राप्रपा केन्द्रीय कार्यसम्पादन समितिले गरेको 'मुलुकमा देखिएको समस्यालाई निकास दिनका लागि राजा, दल र जेन-जी पुस्ताको त्रिपक्षीय वार्ता'को निर्णय छलफलमा राखेका थिए। यसमा गम्भीर छलफल गरेर चुनावमा लग्यौँ भने देशले जित्ने परिस्थिति निर्माण हुने, नभए इतिहासले बलपूर्वक परिवर्तन गराउने र विद्रोह हुने चेतावनी उनले दिएका थिए। त्यस्तै, एकीकृत समाजवादीका उपाध्यक्ष प्रकाश ज्वालाले निर्वाचन टार्न नमिल्ने बताए। 'कुनै दल निर्वाचनमा जान तयार छैन भने उहाँलाई छोडिदिऊँ। जो-जो जान्छ, हामीहरू जाऔँ। चुनाव रोकिनुहुन्न। चुनावको विकल्प चुनाव नै हो,' उनले भने।

संसद् पुनर्स्थापनाको माग गर्ने एमाले नेताको भनाइमा जेन-जीको प्रतिवाद

छलफलमा संसद् पुनर्स्थापना हुनुपर्छ भनेर धारणा राखेको एमाले र जेन-जी प्रतिनिधिबिच सवाल-जवाफ चलेको थियो। एमाले नेता बर्तौलाले 'चुनाव सरकारको मेन्युमै छैन, नाटक गरिराखेको छ, संसद् पुनर्स्थापना नै निकास हो' भनेपछि जेन-जी प्रतिनिधिले 'जुन दलले पटक-पटक संसद् विघटन गऱ्यो उसैले पुनर्स्थापनाको कुरा गर्न सुहाउँदैन' भनेर प्रतिवाद गरेका हुन्। जेन-जी नेता खेमराज साउदले एमालेले संसद् पुनर्स्थापना हुनुपर्छ भनेको र आफूहरूले हुँदैन भनेर प्रतिवाद गरेको बताए। 'जेन-जी आन्दोलन संस्थागत गरेर जानुपर्छ भन्यौँ। अरू दलको पूर्ण समर्थन रह्यो। एमालेले पुनर्स्थापनाको कुरा गऱ्यो,' उनले भने। जेन-जी नेता पुरुषोत्तम यादवले एमाले नसुध्रिए फेरि आन्दोलन गर्ने चेतावनी दिए। 'यदि तपाईंहरू नसुध्रिने हो भने ज्यानको बाजी राखेर मैदानमा आउन तयार छौँ, लड्न तयार छौँ,' उनले भने। कोशीका जेन-जी नेता उपार्जुन चाम्लिङले संसद् पुनर्स्थापना भए पुनः आन्दोलन गर्ने चेतावनी दिए। 'तपाईंको पार्टीको अध्यक्षको घमण्डले हाम्रा जेन-जी साथीहरूको ज्यान गयो। तपाईंहरूको अहंकार अझै पनि गएको रहेनछ,' उनले भने।

प्रधानमन्त्रीसँग पनि चर्काचर्की

बर्तौलाले पूर्वन्यायाधीश प्रधानमन्त्री र मन्त्री बन्न नपाउने तर्क गर्दै सरकार नै गैरसंवैधानिक भएको तर्क गरेका थिए। यो तर्क गरेपछि प्रधानमन्त्री कार्कीले बिचमै रोक्दै आफू रहरले प्रधानमन्त्री नभएको र तपाईं गलत भाष्य निर्माण नगर्नुस् भनेर जवाफ दिइन्। आफूलाई रोकेपछि बर्तौलाले 'तपाईंहरूले यहाँ बोलाउनुभयो। हामीलाई आफ्नो धारणा राख्न नदिने हो भने किन बोलाएको ?' भनेर प्रश्न गरे। त्यसपछि कार्कीले चुनावको एजेन्डामा केन्द्रित हुन भनेकी थिइन्। एमालेका तर्फबाट युवा संघका अध्यक्ष क्षितिज थेबेले ०४६ पछिका सबै न्यायाधीश, कर्मचारी, राजनीतिज्ञको सम्पत्ति छानबिन गरौँ भन्दा प्रधानमन्त्री कार्कीले 'हामीले काम सुरु गरिसकेका छौँ। तपाईंहरू सहजीकरण गरिदिनुस्। तपाईंको पार्टीले सहयोग गर्न खोजेको छैन' भनेकी थिइन्।

प्रतिनिधिसभा...

पृष्ठ १ बाट क्रमशः

जेन-जी आन्दोलनपछि गठन भएको सुशीला कार्की नेतृत्वको सरकार गैरसंवैधानिक भएको र सो सरकारको सिफारिसमा राष्ट्रपतिले संसद् विघटन गर्नु संविधानविपरीत भएको भन्दै अन्तरिम आदेश माग गरी १६ रिट दर्ता भएका थिए। बुधबार संवैधानिक इजलासमा सबै रिट निवेदकले बहस गरेका थिए। इजलासमा न्यायाधीशहरू सपना प्रधान मल्ल, कुमार रेग्मी, हरिप्रसाद फुयाँल र मनोज शर्मा छन्। प्रतिनिधिसभा विघटन र सरकार गठनको विवाद अब अन्तिम फैसला हुँदा मात्र टुंगो लाग्नेछ। यसका लागि समय लाग्ने भएकाले देश चुनावतर्फ गएको विश्लेषण कानुनविद्को छ। २३ र २४ भदौको जेन-जी आन्दोलनपछि तत्कालीन केपी ओलीको सरकार अपदस्थ भएको थियो। कार्की चुनावी सरकारको प्रधानमन्त्री नियुक्त भएकै दिन २७ भदौमा प्रतिनिधिसभा विघटनको निर्णय भएको थियो। सरकारले २१ फागुनका लागि निर्वाचनको मिति तोकेर तयारी अघि बढाएको छ।

४० वर्षदेखि...

पृष्ठ १ बाट क्रमशः

भर्खरका युवाको भन्दा कम छैन। शरीर हेर्दा के भारी बोक्न सक्छन् होलाजस्तो लागे पनि सँगै हिँड्ने पर्यटकले उनलाई भेट्टाउँदैनन्।

४० वर्षदेखि पर्यटककै भारी बोकेर दैनिकी चलाइरहेका गोपाल काठमाडौँको नेपाल इन्भारोमेन्ट ट्राभल कम्पनीमा काम गर्छन्। उनी अन्नपूर्ण आधार शिविरदेखि सगरमाथा, कञ्चनजंघा आधार शिविरसम्म पर्यटकको झोला बोकेर पुग्छन्। 'देशका धेरै पर्यटकीय क्षेत्रमा पुगेको छु, विशेषतः अन्नपूर्ण क्षेत्रमै बढी घुम्ने घुमाउने गरेको छु,' उनले भने, 'पहिले एक्लै भारी बोकेर पर्यटक घुमाउनुपर्थ्यो अहिले साथमा एउटा भाइ पनि हुनुहुन्छ। मेरो काम भारी बोक्ने हो, पर्यटकलाई घुमाउने हो। यसैमा आनन्द लिएको छु।'

गोपालले यही पेसाबाट काठमाडौँको वनस्थलीमा एक तलाको घरसमेत बनाएको सुनाए। 'यही क्षेत्रमा लागेर परिवार धानेको छु। छोराछोरी पढाउने-लेखाउने, हुर्काउने यहीँबाट भयो,' उनले भने, 'उनीहरूलाई पढाउने-हुर्काउने बिहेदान यही पेसाबाट गरेँ, अहिले छोरा पनि यही कम्पनीमा काम गर्छ। सक्ने वेलासम्म भारी बोक्ने हो। यसैमा मलाई आनन्द आउँछ।'

दुईजना विदेशी पर्यटक र एकजना नेपाली गाइड उनीसँगै थिए। पुरानो र अनुभवी भएका कारण उनीसँग काम गर्न सहज हुने गरेको गाइड रत्नकृष्ण प्रजापति बताउँछन्। भक्तपुर ठिमीका प्रजापति गोपालसँग हिँड्दा धेरै सहज हुने बताउँछन्। 'गोपाल दाइसँग धेरै अनुभव छ, धेरै ठाउँमा उहाँ पुग्नुभएको छ, उहाँको जोस र जाँगरले हामीलाई पनि ऊर्जा मिल्छ,' प्रजापति भन्छन्, 'उनलाई देखेर पर्यटनहरू पनि छक्क पर्छन्, धेरैले उहाँलाई माया गर्छन्।'

४० वर्षअघि अन्नपूर्ण क्षेत्रमा पर्यटकलाई लिएर जाँदाको क्षण स्मरण गर्दै गोपालले भने, 'त्यसवेला नक्सासमेत थिएन, मोबाइलको त कुरै भएन। सूर्यको दिशा तथा नदी र खोलाको बहावले बाटो पहिल्याउनुपर्थ्यो। अहिले त धेरै सजिलो भएको छ। समय फेरिएको छ, नयाँ युग र युगसँग चल्ने प्रयासमा छु। हिजो सगरमाथा आधार शिविरमा धेरै हिँडियो, अहिले अन्नपूर्णको बाटोमा हिँडिरहेको छु। पहिलोपटक बेसक्याम्प पुगेको दिन अझै याद छ,' उनी सम्झन्छन्, 'पर्यटक थाकिसकेका रहेछन्। मेरो भने हिमाल देखेर खुसीले आँसु झरेको पत्तै भएन।'

अन्नपूर्ण पदयात्रामा जाँदाका उनीसँग कैयौँ स्मरण छन्। पहिले घान्द्रुक, घोरेपानीलगायत क्षेत्रमा सबै पुराना घर थिए। निकै आकर्षण थियो। अहिले केही पक्की भवन बनेर बिस्तारै इतिहास मेटिएझैँ भएको छ। 'घोरेपानीमा त साना-साना छाप्रा थिए। ढिँडो र मकै मात्र पाइन्थ्यो। भुटेका मकै, रोटी खाएर कैयौँपटक हिँडियो। अहिले त पाहुनासँग चकलेट, कफी, र ट्रेकिङ पोल छ।

चुनावका लागि...

पृष्ठ १ बाट क्रमशः

टुंगो लगाउने बताए। 'आयोगबाट अंक नै तोकेर बजेट निकासाका लागि माग गरिएको पत्र आएको छ। तर, अहिले नै यसलाई अन्तिम अंक मान्न मिल्दैन। थप छलफल गरेर टुंगो लगाउँछौँ,' उनले भने।

अर्थ मन्त्रालयका अधिकारी आयोगले माग गरेर बजेट घटाएर निकासा गर्ने पक्षमा छन्। 'आयोगबाट माग भएको रकमको आकार ठुलो देखिन्छ। यसलाई घटाउन बजेट महाशाखाले आयोगसँग छलफल गरिरहेको छ। प्रस्तावितभन्दा घटेरै बजेट निकासा हुन्छ,' अर्थका एक उच्च अधिकारीले भने।

आयोग प्रवक्ता नारायणप्रसाद भट्टराईले बजेटको विषयमा अर्थ मन्त्रालयसँग छलफल भइरहेको, तर टुंगो लाग्न बाँकी रहेको बताए। 'विगतको तुलनामा बढी बजेट मागेका होइनौँ। फागुनमा हुने निर्वाचनमा मौसम प्रतिकूलताको जोखिम रहेकाले ढुवानी खर्च बढ्न सक्छ भन्ने अनुमान गरेका छौँ। त्यसबाहेक मितव्ययिता अपनाउने नै सोचेका छौँ,' प्रवक्ता भट्टराईले भने।

विगतका निर्वाचनको दाँजोमा मतपेटिका र कर्मचारी संख्या कम हुने उनको भनाइ छ। 'हामीले यसपालि मतपेटिका किन्दैनौँ, कागजपत्र पनि किन्दैनौँ। बढी खर्च हुन सक्ने भनेको ढुवानीमा हो,' उनले भने।

चालू आर्थिक वर्ष ०८१/८२ मा सरकारले निर्वाचन आयोगलाई नियमित खर्चबापत ६१ करोड २३ लाख मात्रै बजेट विनियोजन गरेको छ। जेन-जी आन्दोलनपछि संसद् विघटन भई नयाँ निर्वाचनको मिति घोषणा भएपछि आयोगलाई निर्वाचनका लागि अतिरिक्त खर्च चाहिने भएको हो।

सरकारले चुनाव र पुनर्निर्माणका लागि पुँजीगत र चालू बजेट रोक्का गरेर एक खर्ब १९ अर्ब स्रोतको जोहो गरिसकेको छ। त्यसैले, निर्वाचनका लागि स्रोत अपुग नहुने अर्थ मन्त्रालयले जनाएको छ।

निर्वाचन प्रणालीलाई सकेसम्म मितव्ययी बनाउन राजनीतिक दल, आयोग र सरकारले प्रयास गर्नुपर्ने पूर्वप्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवको भनाइ छ। 'राजनीतिक दल, सरकार र निर्वाचन आयोगले सकेसम्म चुनावलाई कम खर्चिलो बनाउने प्रयास गर्नुपर्छ। न्यूनतम खर्चमा चुनाव गराउने उपाय लगाउनुपर्छ,' उनले भने, 'बढी खर्च हुने जनशक्ति र ढुवानीमा हो। कतिपय सामग्री मौज्दात नै होलान्। मतदान केन्द्रमै मतगणना हुनुपर्ने व्यवस्था गरेर ढुवानी खर्च बचाउन सकिन्छ। इच्छाशक्ति भयो भने चुनाव खर्चलाई मितव्ययी बनाउन गाह्रो काम छैन।'

कतिपय खर्च कानुन संशोधन गरेर घटाउन सकिने यादवको भनाइ छ। 'कतिपय कानुनी व्यवस्थाले पनि मितव्ययिता कायम राख्न चुनौतीपूर्ण छ। कानुन संशोधन गरेर मिलाउन सक्नुपर्छ,' यादवले भने, 'राजनीतिक दललाई सहमति गराउन सके मितव्ययी बनाउन सहज हुन्छ। सुरक्षामा बढी खर्च गर्नुभन्दा स्थानीयलाई नै बढी जिम्मेवार बनाउनेतर्फ ध्यान दिनुपर्छ।'

आजभन्दा भोलि...

पृष्ठ १ बाट क्रमशः

वरिष्ठ मौसमविद् वरुण पौडेलले बताए। 'बुधबार साँझबाट बादल प्रवेश गरे पनि बिहीबारबाट वर्षा हुने देखिन्छ,' उनले भने, 'शुक्रबार कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनीमा वर्षा देखिन्छ।' शुक्रबार कोशीका तराई र मधेश तथा बागमतीका केही स्थानमा ठुलो वर्षा तथा कोशी र बागमतीका हिमाली क्षेत्रमा बाक्लो हिमपातको आकलन गरिएको छ। यो प्रणालीले कोशी, बागमती र गण्डकीका उच्च पहाडी तथा हिमाली भूभागका धेरै स्थानमा तथा कर्णालीका केही स्थानमा तथा बाँकी पहाडी र हिमाली भू-भागका एक-दुई स्थानमा मध्यम हिमपातको सम्भावना छ। महाशाखाका अनुसार लुम्बिनीको पश्चिमी क्षेत्र, कर्णाली र सुदूरपश्चिममा भने चक्रवातको असर पर्नेछैन। तर, त्यस क्षेत्रमा पश्चिमी वायुको असरले बादल लाग्ने र केही ठाउँमा हल्का वर्षाको सम्भावना छ। शनिबार दिउँसोबाट मौसममा सुधार आउने मौसमविद्ले बताएका छन्।

सतर्क रहन मौसम पूर्वानुमान महाशाखाको अनुरोध

कोशी, मधेश, बागमती प्रदेशका सबै जिल्ला तथा दाङ, कपिलवस्तु, रूपन्देही, नवलपरासी, मुस्ताङ, मनाङ, गोरखा, नवलपुर जिल्लामा सतर्क रहनु, लमजुङ, कास्की, म्याग्दी, गुल्मी, पाल्पा, अर्घाखाँची, बागलुङ, पर्वत, स्याङ्जा, तनहुँमा मौसमको अद्यावधिक जानकारी लिएर बस्नु।

वर्षाको चेतावनीपछि मधेशमा विपत् व्यवस्थापन समितिको बैठक

जनकपुरधाम/ शुक्रबारदेखि ठुलो वर्षा हुने चेतावनीसँगै मधेश प्रदेश सरकार पूर्वतयारीमा जुटेको छ। मुख्यमन्त्री जितेन्द्र सोनलले बुधबार प्रदेशस्तरीय विपत् व्यवस्थापन समितिको बैठक राखी पूर्वतयारीमा जुट्न सुरक्षा निकाय तथा सम्बन्धित निकायका अधिकारीलाई निर्देशन दिएका छन्। सोनलले प्रदेशका मुख्य नदी सप्तकोशी, बागमती, कमला, रातु र लखनदेहीको जलस्तर खतराको सीमाभन्दामाथि पुग्ने सम्भावना रहेकाले तटीय बस्तीको सुरक्षाका लागि प्रदेश सरकार सतर्क रहेको बताए। उनले नदी किनारका बस्तीलाई तत्काल सार्वजनिक धर्मशाला, स्कुल तथा सार्वजनिक भवनमा सर्नसमेत अपिल गरे। विपत् जोखिम न्यूनीकरणका लागि अधिकतम प्रयास गरिने र उपलब्ध सबै जनशक्ति तथा स्रोतसाधन परिचालन गरिने उनले बताए।

HELVETAS NEPAL
PSP
Bid Notice Amendment
Supply and delivery of ICT equipment and Furniture
(Date of first publication: 15 October 2025)
The Provincial Support Programme (PSP) is a strategic initiative, supported by the Swiss Agency for Development and Cooperation (SDC) in collaboration with Koshi province government.
PSP/Helvetas Nepal would like to cordially inform all concerned parties that the information related to the **Invitation for Bids** (Contract ID# PSP/04/2025) published on 15 October 2025 in Kantipur Daily, Naya Patrika, and the Helvetas Notice Platform, for the Supply and Delivery of ICT Equipment and Furniture, has been revised as follows:
(1) The revised bid submission deadline is **6 November 2025, before 2:00 PM**.
(2) The **revised Bidding Document** is now available at https://notice.helvetasnepal.org/
All interested bidders are kindly requested to take note of these changes.
PSP/Helvetas Nepal
Biratnagar- Koshi Province, Nepal: Telephone: +977-1-5431109, 5424926: Email: psp.np@helvetas.org

सर्टिफिकेट हरायो
मिति २०८२/६/३ गते थलीबाट चावहिलसम्म जाँदा NEB बाट जारी भएको मेरो निम्न व्यहोराको माईग्रेशन सर्टिफिकेट (प्रमाणपत्र) हराएको हुदाँ पाउनुहुने महानुभावले नजिकैको प्रहरीचौकी वा निम्न ठेगानामा खबर गरिदिन हुन अनुरोध गर्दछु।
Name : Menuka Timilsina
Serial No.: P 0761859
Neb Reg. No.: 752741015
Symbol No.: 22709713
Mobile No.: 9864832266

अपि हाइड्रो मेकानिकल लिमिटेड
थापाथली-११, काठमाडौं
१० औं वार्षिक साधारण सभा सम्बन्धी सूचना
सूचना प्रकाशित मिति : २०८२/०७/१३
श्री शेयरधनी महानुभावहरू,
मिति २०८२/०७/१२ गतेको संचालक समितिको बैठकको निर्णय बमोजिम यस अपि हाइड्रो मेकानिकल लिमिटेड कम्पनीको १०औं वार्षिक साधारणसभा निम्न लिखित मिति, स्थान र समयमा वस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम सम्पूर्ण शेयरधनि महानुभावहरूको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।
वार्षिक साधारण सभा हुने मिति, स्थान र समय:
मिति : २०८२/०८/१३ गते शनिबार (तद्नुसार २९ नोवेम्वर २०२५)
स्थान : कम्पनीको प्रधान कार्यालय, थापाथली ११, काठमाण्डौ।
समय : अपरान्ह २:०० बजे।
छलफल गरि निर्णय गर्नुपर्ने विषयहरू :
(१) आर्थिक वर्ष २०८१।८२ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
(२) लेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन सहितको आर्थिक बर्ष २०८१/८२ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरू उपर छलफल गरी पारित गर्ने।
(३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक बर्ष २०८२।८३ को लागि लेखापरीक्षकको नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गर्ने।
(४) विविध।
सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

एन.एम.बि. सेक्यूरिटीज लिमिटेडको पाँचौं वार्षिक साधारण सभा सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मिति : २०८२/०७/१३)
यस एन.एम.बि.सेक्यूरिटीज लिमिटेडको मिति २०८२ साल कार्तिक ११ गते मंगलबार बसेको संचालक समितिको ४१औं बैठकको निर्णयानुसार देहायका विषयमा छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा कम्पनीको पाँचौं वार्षिक साधारण सभा बस्ने भएको हुदा कम्पनी ऐन २०६३ को दफा ६७ वमोजिम शेयरधनी महानुभावको जानकारी तथा उपस्तीथीका लागी यो सूचना प्रकाशित गरिएको छ।
सभा हुने मिति, समय र स्थान :
मिति : बि.सं. २०८२ साल मंसिर ०५ गते शुक्रबार (तदनुसार २१ नोभेम्बर २०२५)
समय : दिउसो ०१:०० बजे
स्थान : एन.एम.बि.सेक्युरिटिज लि. रजिष्टर कार्यलय नक्साल, १ काठमाण्डौं, नेपाल।
छलफलका विषयहरू :
१. संचालक समितिको अध्यक्षबाट पेशहुने आ.व. २०८१/०८२ को संचालक समितिको प्रतिवेदनमा छलफल गरी पारीत गर्ने।
२. लेखा परिक्षकको प्रतिवेदन सहितको आ.व. २०८१/०८२ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू स्वीकृत गर्ने।
३. आ.व. २०८२/०८३ का लागी बाह्य लेखा परिक्षक नियुक्ति गर्ने र पारिश्रामिक निर्धारण गर्ने।
४. संचालकहरूको गठन संम्बन्धमा।
५. विवध।
अध्यक्षको आज्ञाले,
कम्पनी सचिव
एन.एम.बि. सेक्युरिटिज लि.

एकीकृत समाजवादीमा वाम एकताको औपचारिक प्रस्ताव

नेकपा छाड्न नसकिने, मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद मान्नुपर्ने, समाजवादी कार्यदिशा अँगाल्नुपर्ने

प्रेम गौतम/नयाँ पत्रिका

एकीकृत समाजवादीको केन्द्रीय समिति बैठकमा वाम एकतासहितको प्रस्ताव प्रस्तुत भएको छ। राजधानीमा बुधबार सुरु बैठकमा अध्यक्ष माधवकुमार नेपालले १७ पेज लामो राजनीतिक प्रतिवेदन प्रस्तुत गर्दै एकताको विषय पनि प्रस्ताव गरेका हुन्।

'कम्युनिस्ट एकता आजको आवश्यकता हो। किनभने समाजवादी क्रान्ति सम्पन्न गर्नका निम्ति एउटा बलियो क्रान्तिकारी शक्तिको अवश्यकता पर्दछ। र, त्यो बलियो क्रान्तिकारी शक्तिको निर्माण यहाँका क्रान्तिकारी कम्युनिस्ट पार्टीहरूबिचको एकताबाटै हुन सक्दछ,' नेपालले राजनीतिक प्रतिवेदनमा भनेका छन्।

पार्टी स्थापनादेखि नै क्रान्तिकारी कम्युनिस्टहरू, खासगरी समाजवादी कार्यदिशा र कार्यक्रम अँगालेका कम्युनिस्ट घटकबिच एकता हुनुपर्ने कुरामा जोड दिँदै आएको नेपालले स्मरण गरेका छन्। दसौँ महाधिवेशनबाट पारित दस्ताबेजमा पनि एकतामा जोड दिइएको उनले बताएका छन्। नेकपा छाड्न नसकिने, मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद मान्नुपर्ने, लेनिनवादी संगठनात्मक सिद्धान्त हुनुपर्ने, रणनीतिक लक्ष्य वैज्ञानिक समाजवाद हुनुपर्ने, समाजवादी कार्यदिशा अँगाल्नुपर्नेजस्ता विषयमा सहमति कायम हुँदा एकतामा ढिलाइ गर्न नहुनेमा नेपालले जोड दिए।

'पार्टीको नाम नेकपा (...) हुनुपर्दछ। नेपाली क्रान्तिको जनवादी चरण पूरा भएको र मुलुक समाजवादी क्रान्तिको चरणमा प्रवेश गरेको मान्नुपर्दछ। आमनेपाली जनता र दलाल नोकरसाही पुँजीपति वर्गाबिचको अन्तर्विरोधलाई वर्तमान नेपाली समाजको प्रधान अन्तर्विरोध मान्नुपर्दछ। पार्टी र क्रान्तिको मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद मात्रै हुनुपर्दछ। पार्टीको संगठनात्मक सिद्धान्त लेनिनवादी संगठनात्मक सिद्धान्त नै हुनुपर्दछ। पार्टीको रणनीतिक लक्ष्य वैज्ञानिक समाजवाद हुनुपर्दछ। समाजवादी कार्यदिशा अँगाल्नुपर्दछ। नेपाली विशेषताको समाजवादी कार्यक्रम अंगीकार गर्नुपर्दछ र साम्राज्यवाद, प्रभुत्ववाद तथा नवउपनिवेशवादको विरोध गर्दै राष्ट्रको विकास, राष्ट्रिय स्वाभिमान, स्वतन्त्रता, समानता र आमजनताका हक अधिकारको पक्षमा दृढतापूर्वक खडा हुनेर संघर्ष गर्ने प्रतिबद्धता हुनुपर्दछ। यी अवधारणा छाडेर कसैसँग पनि पार्टी एकता हुन सक्दैन, गरिँदैन। यदि यी सबै कुरामा समान धारणा राख्ने कुनै कम्युनिस्ट घटकसँग एकताको सम्भावना भएमा हामी नकारात्मक हुन पनि हुँदैन। यिनै सैद्धान्तिक अवधारणाका आधारमा पार्टी एकता गर्न सकिन्छ भने त्यसका लागि हामीले नै पहल गर्नुपर्दछ। त्यो जिम्मेवारी बहन गर्न हामी सदैव तत्पर रहनुपर्दछ,' प्रतिवेदनमा छ।

स्पष्ट आधार निर्माण नभईकन पार्टी एकता हुन नसक्ने उनले बताएका छन्। 'पार्टी एकता हुनका लागि सबभन्दा पहिले पार्टीको नाम, मार्गदर्शक सिद्धान्त, संगठनात्मक सिद्धान्त, रणनीतिक लक्ष्य, क्रान्तिको कार्यक्रम, कार्यदिशा र कार्यनीतिजस्ता मूलभूत विषयमा एकरूपता हुनुपर्दछ। त्यसको साथै संगठनात्मक संरचना र कार्य प्रणाली कस्तो हुने हो भन्ने विषय पनि त्यत्तिकै महत्त्वपूर्ण हुन्छ। यी महत्त्वपूर्ण सवालमा समानता नभईकन कसैसँग पनि पार्टी एकता हुन सक्दैन। यी सबै विषयमा समानता भयो र सहमति पनि निर्माण भयो भने एकता गर्न नहुने कुरा मात्र होइन एकता सम्पन्न गर्न ढिलाइ गर्नुहुँदैन,' नेपाले भनेका छन्।



■ एकता वार्ता कार्यदलका संयोजक भुसालको 'ब्रिफिङ' -

एकीकृत पार्टीको नाम 'नेकपा समाजवादी', चुनाव चिह्न 'तारा'

पार्टी एकताका लागि गठित कार्यदलका संयोजक एवं वरिष्ठ नेता डा. बेदुराम भुसालले एकता प्रगतिबारे बैठकमा ब्रिफिङ गरेका छन्। उनले माओवादीसहित विप्लव नेतृत्वको नेकपा, अशोक राई नेतृत्वको जसपा, महिन्द्र राय यादव नेतृत्वको नेसपा, प्रेमबहादुर सिंहको समूह, राजु कार्की नेतृत्वको नेकपा समाजवादी, सुवास काफ्ले नेतृत्वको जनसमाजवादी पार्टीलगायत दलहरू र समूहहरूसँग वार्ता भएको जानकारी दिए। सबैसँगको वार्ता सकारात्मक रहेको भुसालको ब्रिफिङ छ। भुसालले एकतापछि पार्टीको नाम नेपाल कम्युनिस्ट पार्टी (समाजवादी) र चुनाव चिह्न तारा राख्न उपयुक्त हुने प्रस्ताव राखेका छन्। नेकपा समाजवादी कार्कीको नाममा छ भने तारा चुनाव चिह्न काफ्लेको पार्टी जनसमाजवादीको नाममा छ। यी दुवै पार्टी एकताका लागि तयार भएको भुसालले बताए। यद्यपि, माओवादीसहितका दलहरूसँगको छलफलपछि नाम र चुनाव चिह्नले अन्तिम रूप लिने उनले जनाएका छन्। भुसाल नेतृत्वको कार्यदलमा अर्का वरिष्ठ नेता प्रमेश हमाल र उपाध्यक्ष प्रकाश ज्वाला सदस्य छन्।

निहत्थामाथि गोली चलाउने र विध्वंस मच्चाउनेलाई कारबाही

नेपालले २३ भदौको जेन-जी आन्दोलनमा सरकारले बर्बर दमन गरेका कारण २४ भदौको विध्वंस निम्तिएको जिकिर गरेका छन्। २३ भदौमा निहत्था प्रदर्शनकारीमाथि गोली चलाउने र २४ भदौमा ऐतिहासिक धरोहरहरू र सार्वजनिक तथा निजी संरचना ध्वंश गर्ने यी दुवै गम्भीर आपराधिक कार्य भएको भन्दै नेपालले दुवैको गहिरो छानबिन गरी दोषीलाई कडाभन्दा कडा कारबाही हुनुपर्ने बताएका छन्।

जेन-जी पुस्ताले राष्ट्रिय सम्पत्ति र धरोहर ध्वस्त पार्न नसक्ने नेपालको जिकिर छ। 'यस्ता निकृष्ट कुकृत्य त निहित स्वार्थ बोकेका कुतत्त्वहरूले मात्र गर्न सक्तछन्। अतः त्यस्ता कुतत्त्वको पहिचान गरी दण्डित गर्नेतर्फ सरकार विशेष अग्रसर हुन जरुरी छ,' उनले भनेका छन्। जेन-जी पुस्ताले उठाएका भ्रष्टाचार नियन्त्रण, सुशासन र सामाजिक सञ्जालमाथिको प्रतिबन्ध फुकुवा गर्ने माग जायज रहेको उनले बताएका छन्। अहिलेको परिस्थिति उत्पन्न हुनुको मुख्य कारण देशमा आएको राजनीतिक परिवर्तनअनुरूप आर्थिक-सामाजिक रूपान्तरण हुन नसक्नु भएको नेपालले औँल्याएका छन्।

वर्तमान परिस्थितिको मुख्य जिम्मेवार ओली

नेपालले अहिलेको परिस्थिति ल्याउनुको मुख्य जिम्मेवार एमाले अध्यक्ष केपी ओली भएको जिकिर गरेका छन्। तत्कालीन प्रधानमन्त्री ओलीले असंवैधानिक रूपमा संसद् विघटन गरेपछि मुलुक आन्तरिक विवाद, पार्टी विभाजन र राजनीतिक अस्थिरताको दिशामा गएको नेपालको दाबी छ। 'अहिलेको परिस्थिति ल्याउनमा मुख्य जिम्मेवार ०७४ को आमनिर्वाचनपश्चात् बनेको सरकारका प्रधानमन्त्री केपी शर्मा ओली हुन् किनभने करिब दुईतिहाइ बहुमतको त्यस एकल सरकारले मुलुकको आर्थिक-सामाजिक रूपान्तरण गर्ने गुरुयोजना बनाएर तीव्र गतिका साथ विकास निर्माणका काम गर्नुपर्थ्यो, तर गरेन। त्यस सरकारले विसं ०५१ मा मनमोहन अधिकारी नेतृत्वको अल्पमतको सरकारले गरेजति जनपक्षीय काम पनि गरेन। पार्टीको नीति र निर्देशनमा सरकार चलाउनुपर्‍यो भन्दा नमानेर ओलीले प्रतिनिधिसभा विघटन गर्नेजस्तो प्रतिगामी कदम चाले। त्यसै विन्दुबाट मुलुक आन्तरिक विवाद, पार्टी विभाजन र राजनीतिक अस्थिरताको दिशामा गयो,' प्रतिवेदनमा छ।

उपलब्धि गुम्न नदिन समयमै निर्वाचन

लामो संघर्ष र बलिदान गरेर प्राप्त उपलब्धिलाई गुम्न नदिन फेरि सचेत हुनुपर्ने नेपालले औँल्याएका छन्। जनताको हितलाई सर्वोपरी राखेर संवैधानिक रूपमै जेन-जी आन्दोलनका मागहरूको सम्बोधन गर्दै वर्तमान संकटलाई चिर्नुपर्नेमा नेपालले जोड दिएका छन्। निर्धारित समयमा निर्वाचन गराई ताजा जनादेशबाट बन्ने संसद्ले संविधान संशोधन गरेर जेन-जी पुस्ताका काम सम्बोधन गर्न सकिने उनले बताएका छन्। 'हाम्रो राष्ट्रलाई असफल हुने खतराबाट जोगाउनुपर्छ। जनताको हितलाई सर्वोपरी राखेर संवैधानिक एवं कानुनसम्मत रूपमै जेन-जी आन्दोलनका मागहरूको सम्बोधन गर्नुपर्छ र वर्तमान संकटलाई चिर्नुपर्दछ। निर्धारित समयमा प्रतिनिधिसभाको चुनाव गराई ताजा जनादेशबाट बन्ने संसद्बाट वर्तमान संविधानको संशोधन गरेर जेन-जी पुस्ताले उठाएका मागको सम्बोधन गर्न सकिन्छ,' प्रतिवेदनमा छ।

सरकारले तत्काल ११ देशमा रिक्त राजदूत नियुक्त नगर्ने

कार्यवाहक राजदूतलाई परराष्ट्रबाट थप समन्वय गरिने

पर्शुराम काफ्ले/नयाँ पत्रिका

सरकारले ११ देशमा रिक्त राजदूत तत्काल नियुक्त नगर्ने भएको छ। सरकारले गत ३० असोजमा कांग्रेस र एमालेको भागबन्डाका आधारमा नियुक्त चीन, बेलायत, अमेरिकासहित ११ देशका राजदूत फिर्ता गर्ने निर्णय गरेको थियो। उनीहरूलाई २० दिनभित्र फिर्ता भइसक्न भनिएको छ।

राजदूत फिर्ता भएका कूटनीतिक मिसनमा कार्यरत कार्यवाहक राजदूतमध्ये अमेरिका र चीनमा सहसचिव छन् भने त्यसबाहेकमा उपसचिव तथा अधिकृत छन्। 'रिक्त कूटनीतिक नियोगमा तत्कालै राजदूत नियुक्त गर्ने तयारी छैन,' उच्च सरकारी स्रोतले भन्यो, 'अहिले कार्यवाहक राजदूतहरूबाट काम चलाइनेछ।'

● **लोकबहादुर पौडेल क्षेत्री**
प्रवक्ता, परराष्ट्र मन्त्रालय



अनुभवी र क्रियाशील साथीहरूले कार्यवाहकका रूपमा जिम्मेवारी सम्हाल्नुहुनेछ।

परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले मन्त्रालयको सम्बन्धित महाशाखाबाटै राजदूत रिक्त भएका कूटनीतिक नियोगहरूमा सघन समन्वय हुने व्यवस्था मिलाइएको जानकारी दिए। 'फिर्ता बोलाइएका ती राजदूतहरू फर्कने क्रम पनि सुरु भएको छ। उहाँहरू नेपाल फर्कनुभएपछि अन्तर्राष्ट्रिय कानुन एवं प्रचलनबमोजिम नेपाली दूतावासहरूमा उपनियोग प्रमुखहरूले कार्यवाहकका रूपमा काम गर्नुहुनेछ,' परराष्ट्र प्रवक्ता क्षेत्रीले नयाँ पत्रिकासँग भने, 'ती ११ दूतावासका उपनियोग प्रमुखहरूमा दुईजना सहसचिव तहका हुनुहुन्छ भने अरू प्रायः उपसचिव भई कूटनीतिको क्षेत्रमा लामो अनुभव हासिल गरिसक्नुभएका सक्षम र क्रियाशील कर्मचारी हुनुहुन्छ। मन्त्रालयका सम्बन्धित महाशाखा प्रमुखहरूले तत्तत् नियोगसँग सघन समन्वय गर्नुहुनेछ।'

चीनमा सहसचिव रोशन खनाल तथा अमेरिकामा सहसचिव शरदराज आरणले कार्यवाहक राजदूतका रूपमा काम गर्नेछन्। उनी नियोग उपप्रमुखका रूपमा कार्यरत छन्। अन्य नियोगहरूमा उपप्रमुख रहेका उपसचिवहरूले कार्यवाहक राजदूतका रूपमा जिम्मेवारी सम्हाल्नेछन्। 'अन्य मुलुकको तुलनामा हाम्रा नियोगहरूको आकार सानो भए पनि यस परिस्थितिमा दूतावासबाट गरिने प्रतिनिधित्व, राष्ट्रहित प्रवर्द्धन, सेवा प्रवाहलगायतका कामहरू सुचारू रहनेछन्,' पौडेलले भने, 'नियोगहरूको कार्यसम्पादन जिम्मेवारी र उच्च मनोबलका साथ थप प्रभावकारी बनाउने दिशामा मन्त्रालयले आवश्यक व्यवस्था मिलाएको छ।'

गत ३० असोजमा बसेको मन्त्रिपरिषद् बैठकले ११ देशका राजदूत फिर्ताको निर्णय गरेको थियो। उनीहरूलाई २० कात्तिकसम्म स्वदेश फिर्ता हुन निर्देशन दिइएको छ। एमाले अध्यक्ष केपी ओली नेतृत्वको सरकारले १४ साउन ०८१ मा सिफारिस गरेका १० जना र त्यसअघिको सरकारले सिफारिस गरेका एकजना गरी ११ जना राजदूत फिर्ता हुने क्रममा छन्। एमाले र कांग्रेसको भागबन्डामा नियुक्त भएका अन्य ६ राजदूतलाई यो सरकारले यथावत् राखेको छ।

सरकारी निर्णयअनुसार फिर्ता हुन लागेका राजदूतहरूमा नरेशविक्रम ढकाल (साउदी अरेबिया), धनप्रसाद पण्डित (इजरायल), सनिल नेपाल (स्पेन), डा. शैल रूपाखेती (जर्मनी), लोकदर्शन रेग्मी (अमेरिका), चन्द्रकुमार घिमिरे (बेलायत), जंगबहादुर चौहान (रुस), रमेशचन्द्र पौडेल (कतार), डा. कृष्णप्रसाद ओली (चीन), डा. नेत्रप्रसाद तिमल्सिना (मलेसिया) र डा. दुर्गाबहादुर सुवेदी (जापान) छन्। सुवेदी २४ चैत ०७८ मा जापानका लागि राजदूत सिफारिस भएका थिए। उनी परराष्ट्रका तत्कालीन बहालवाला कर्मचारी भए पनि कांग्रेस नेतृ डा. आरजु राणा देउवाको सिफारिसमा राजदूत नियुक्त भएका कारण सरकारले फिर्ता बोलाएको हो।

भारतका लागि डा. शंकरप्रसाद शर्मा, अस्ट्रेलियाका लागि चित्रलेखा यादव, श्रीलंकाका लागि राजदूत डा. पूर्णबहादुर नेपाली, दक्षिण कोरियाका लागि डा. शिवमाया तुम्बाहाङ्फे, डेनमार्कका लागि सुम्निमा तुलाधर, दक्षिण अफ्रिकाका लागि कपिल श्रेष्ठ यथावत् छन्।

फिर्ता भएका राजदूतहरूलाई २० कात्तिकमा फर्किने गरी हवाई टिकटको प्रबन्ध भइसकेको छ। '२० कात्तिकसम्म स्वदेश पुग्ने गरी फर्कन लागेको छु, सरकारले निर्णय गरिसकेपछि औपचारिक रूपमा काम पनि गरेको छैन,' फिर्ता बोलाइएका एक राजदूतले टेलिफोनमा भने।

ऐश्वर्या श्रेष्ठ राष्ट्रसंघको एसडिजी युवा नेतामा छनोट



काठमाडौं/ संयुक्त राष्ट्रसंघ युवा कार्यालयद्वारा दिगो विकास लक्ष्य (एसडिजी)का लागि विश्वभरि छनोट भएका युवामा नेपाली नागरिक पनि परेका छन्। नेपालकी ऐश्वर्या श्रेष्ठ विश्वका युवाहरूको सूचीमा एसडिजी युवा नेतृका रूपमा चयन भएकी हुन्। राष्ट्रसंघले विश्वका १७ जना युवालाई दिगो विकास लक्ष्यका लागि युवा नेता छनोट गरेको छ। राष्ट्रसंघ दिवसका अवसरमा सार्वजनिक गरिएको सूची युवाहरूको पाँचौँ संस्करण भएको नेपालस्थित राष्ट्रसंघीय कार्यालयले जनाएको छ।

यस वर्षको १७ जना विश्वका युवामा पर्न सफल ऐश्वर्या हर्ट अफ नेपाल र अन्तरध्वनि नेपाल नामक संस्थाकी सहसंस्थापक हुन्। उनले दलित र जनजाति समुदायका बालबालिकाको शिक्षा, आमाहरूको सशक्तीकरण तथा पहुँच नपुगेका क्षेत्रहरूमा मानसिक स्वास्थ्य सेवाको विस्तारमा योगदान दिँदै आएको राष्ट्रसंघले बुधबार जारी विज्ञप्तिमा उल्लेख छ।

'ऐश्वर्याको चयनले नेपाली युवाको नेतृत्व र आवाजलाई विश्वमञ्चमा प्रतिनिधित्व गरेको छ,' राष्ट्रसंघीय कार्यालयले भनेको छ। हरेक दुई वर्षमा राष्ट्रसंघ युवा कार्यालयले विश्वका युवा परिवर्तनकर्मीलाई छानेर एसडिजी युवा नेताका रूपमा सम्मान गर्दै आएको छ। दिगो विकास लक्ष्यका लागि सहयोगी कार्य गर्ने युवालाई राष्ट्रसंघले सम्मान गर्दै आएको छ। राष्ट्रसंघका अनुसार यसपटक १५० भन्दा बढी देशका ३३ हजारभन्दा बढी युवाले आवेदन दिएका थिए। १६ देखि ३३ वर्ष उमेर समूहका ती युवाबाट नेपालीसहित १७ जना छनोट भएका हुन्।

सवारी दुर्घटनामा सातजनाको मृत्यु

रुपन्देहीमा **विष्णु धिमिरे**, पाल्पामा **नारायण न्यौपाने**

रुपन्देही र पाल्पामा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा सातजनाको मृत्यु भएको छ। रुपन्देहीमा चार र पाल्पामा तीनजनाले सवारी दुर्घटनाका कारण ज्यान गुमाएका हुन्।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय बुटवलका प्रहरी नायब उपरीक्षक दीपेश बस्यालका अनुसार रुपन्देहीको कञ्चन गाउँपालिका- ५ फायरलाइनस्थित भित्री सडकखण्डमा गाडी दुर्घटना हुँदा तीनजनाले ज्यान गुमाएका छन्। फायरलाइनबाट रुद्रपुट आउँदै गरेको बागमती प्रदेश ०१००६ ख ७७८२ नम्बरको इभी गाडी अनियन्त्रित भई सडकछेउमा रहेको बाँझको रुखमा ठोक्किन गई सडकबाट अन्दाजी तीन सय मिटर तल खसेको थियो। गम्भीर घाइते तीनजनाको उपचारका क्रममा मृत्यु भएको हो। चारजना गम्भीर घाइते भएका छन्।

मृत्यु हुनेमा कञ्चन गाउँपालिका- ५ का ४३ वर्षीय जितेन्द्र थापा, ४२ वर्षीय खेम विक र सैनामैना- ८ बाँसगढीका ४५ वर्षीय खुमबहादुर आचार्य छन्। दुर्घटनामा गम्भीर घाइते भएका उनीहरूको कपिलवस्तुको पिपरा अस्पतालमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ। घाइते हुनेमा चालक विक्रम श्रेष्ठ, उनका छोरा १० वर्षीय समीर श्रेष्ठ, ३२ वर्षीया सोनु चौधरी, कञ्चन- ५ पिपलछापाका अशोक थापा छन्। उनीहरूको बुटवलमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

बसको ठक्करबाट बालिकाको मृत्यु

बुटवल उपमहानगरपालिका- १६ बैठौलीस्थित भित्री सडकखण्डमा दक्षिणबाट उत्तरतर्फ जाँदै गरेको लु.१ख ४७४९ नम्बरको माइक्रो बसले विपरीत दिशाबाट आइरहेको साइकल यात्रीलाई ठक्कर दिँदा बालिकाको मृत्यु भएको छ। प्रहरीका अनुसार स्थानीय कृष्णबहादुर मेचवाको छोरी अन्दाजी पाँच वर्षकी कृति मेचवाको मृत्यु भएको हो। माइक्रो बसले ठक्कर दिँदा घाइते बालिकालाई तत्काल उपचारका लागि लुम्बिनी प्रादेशिक अस्पताल बुटवल पठाइएको थियो। उपचारका क्रममा बुधबार साँझ करिब ६ बजे चिकित्सकले उनलाई मृत्यु घोषणा गरेको प्रहरीले जनाएको छ।

भ्यान दुर्घटनामा तीनजनाको मृत्यु

पाल्पाको रैनादेवी छहरा गाउँपालिका- ४ पिपलभञ्ज्याङमा बुधबार सवारी दुर्घटनामा तीनजनाको मृत्यु भएको छ। नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय बुटवलका प्रहरी नायब उपरीक्षक दीपेश बस्यालका अनुसार बुटवलदेखि म्यालधापतर्फ जाँदै गरेको लु.प्र.०१-००१ज ००९१ नम्बरको इभी भ्यान सडकदेखि ३५० मिटर तल खसेको थियो। मृत्यु हुनेमा पाल्पा रैनादेवी छहरा- १ सिद्धेश्वरका ३७ वर्षका मुक्तबहादुर बुढाथोकी, ३४ वर्षका कमल रायमाझी र ४१ वर्षका रामबहादुर गाहा छन्।



बन्चरेडाँडामा फोहोर व्यवस्थापनमा अवरोध

■ धुनीबेँसी र ककनीका स्थानीयवासीको अवरोधपछि काठमाडौं महानगरका फोहोर बोकेका गाडी बाटोमै अलपत्र

● **सरिता राई**, प्रमुख, काठमाडौं महानगरपालिकाका वातावरण विभाग



स्थानीयवासीको यो बेमौसमी अवरोध हो, हामीले जति सेवा दिएका छौं, उत्ति नै माग उनीहरूको बढेको छ। हरेकपटक माग बढाउँदा पूरा गर्न कठिन हुने नै भयो। अहिले फोहोरका कन्टेनर बाटोमै छन्, स्थानीयसँग छलफल गरेर छिटो समाधान निकाल्छौं।

नयाँ पत्रिका

बन्चरेडाँडा ल्यान्डफिल्ड साइट क्षेत्रका स्थानीयले काठमाडौं उपत्यकाको फोहोर व्यवस्थापनमा अवरोध गरेका छन्। महानगरले फोहोर व्यवस्थापनमा लापरबाही गरेको भन्दै स्थानीय बासिन्दाले बुधबार बिहानदेखि फोहोरका ट्रक रोकेका हुन्।

स्थानीयको अवरोधपछि फोहोर व्यवस्थापनमा प्रत्यक्ष असर देखिएको छ। महानगरले बुधबार फोहोर विसर्जनका लागि पठाएका कन्टेनरहरू बाटोकै रोकिएका छन्। स्थानीयवासीले आफूहरूका माग सम्बोधन नभएसम्म फोहोरका कन्टेनर अघि बढ्न नदिने अडान लिएका छन्। कन्टेनरको फोहोर बाटोमै छाड्ने, लिच्चड चुहिने, ल्यान्डफिल्ड साइटमा राम्ररी क्यापिङ नगरेको भन्दै स्थानीयले फोहोर व्यवस्थापनमा अवरोध गरेका हुन्। उनीहरूले तीन वर्षअघि महानगरसँग भएको १८ बुँदे सहमति सम्झाउँदै कार्यान्वयन गर्नसमेत महानगरको ध्यानाकर्षण गराएका छन्।

काठमाडौं महानगरपालिकाका वातावरण विभाग प्रमुख सरिता राईले बन्चरेडाँडावासीले बेमौसमी माग राखेर फोहोर अवरोध गरेको बताइन्। 'स्थानीयवासीको यो बेमौसमी अवरोध हो, हामीले जति सेवा दिएका छौं, उत्ति नै माग उनीहरूको बढेको छ। हरेकपटक माग बढाउँदा पूरा गर्न कठिन हुने नै भयो,' उनले भनिन्, 'अहिले फोहोरका कन्टेनर बाटोमै छन्, स्थानीयसँग छलफल गरेर छिटो समाधान निकाल्छौं।' उनका अनुसार काठमाडौंबाट दैनिक दुई सय कन्टेनर फोहोर बन्चरेडाँडा पुग्छ। उत्यकामा दैनिक एक हजार सात सय मेट्रिकटन फोहोर उत्पादन हुने गरेको छ।

स्थानीयवासीले महानगरले फोहोर राम्ररी ढुवानी नगरेको, सडकमा फोहोर र लिच्चड खसाल्दा दुर्गन्ध फैलिएको भन्दै विरोध गरेका हुन्। '२० वर्षदेखि हामीलाई वार्ता-वार्ता भनेर झुलाउँदै आएको छ, तर हाम्रा यथोचित मागहरू पूरा भएनन्,' अभियन्ता नवराज ढुंगानाले भने, 'सम्झौता गरेको १८ बुँदाको पनि राम्ररी कार्यान्वयन भएन, फोहोर ढुवानी गर्दा निकै लापरबाही भयो।'

उदाउँदो पुस्ता र वैकल्पिक शक्तिको खोज

नेपालमा वैकल्पिक राजनीतिक शक्ति जन्मिने प्रयास धेरैपटक भए पनि हरेक प्रयास कुनै न कुनै स्वार्थ, अहंकार र असंगत व्यवहारको जालोमा अल्झिए



● प्रकाश भुसाल

अग्रलेख

नेपालको राजनीतिमा आजको सबैभन्दा ठुलो प्रश्न हो- अब के नयाँ सम्भावना बाँकी छ ? तीन दशक लामो लोकतान्त्रिक अभ्यासले देशलाई स्थिरता, सुशासन र समान अवसर दिन असफल भएको महसुस जनतामा गहिरिँदै गएको छ। पुराना दलहरू, कांग्रेस, एमाले र माओवादीले लोकतान्त्रिक मूल्यलाई संस्थागत गर्नुको सट्टा देशलाई दल, गुट र स्वार्थको बन्दी बनाएका छन्। यी दलभित्रको वैचारिक शून्यता, अवसरवादी गठबन्धन र वैयक्तिक प्रभुत्वले जनतामा नयाँ विकल्पको तीव्र चाहना जगाइरहेको छ। नेपालमा वैकल्पिक राजनीतिक शक्ति जन्मिन धेरैपटक प्रयास भए, तर हरेक प्रयास कुनै न कुनै स्वार्थ, अहंकार र असंगत व्यवहारको जालोमा अल्झिए। अब प्रश्न उठ्छ- के हामी फेरि एकपटक, तर यसैपटक सही बाटोमा उभिएर वैकल्पिक राजनीतिक शक्ति जन्माउन सक्छौं ?

■ विश्वमा वैकल्पिक सोचका उदाहरण


विश्वका धेरै मुलुकमा पुराना पार्टीको जब्बर राजनीतिका बिचमा नयाँ शक्ति उदाएका उदाहरण थुप्रै छन्। फ्रान्समा इम्यानुएल म्याक्रोंको 'रिनेसन्स', इटलीमा फाइभ स्टार मुभमेन्ट, स्पेनमा पोदेमोस वा भारतमा अरविन्द केजरिवालको आम आदमी पार्टी (आप) यी सबै नयाँ सोच, नयाँ पुस्ता र संस्थागत सुधारको खोजबाट जन्मिएका दल हुन्। यी दलले सुरुमा विचार र व्यवहारको पारदर्शिताका कारण आमजनताको विश्वास जिते। तर, धेरैले शासनमा पुगेपछि व्यक्तिगत महत्त्वाकांक्षा र पपुलिजमका कारण आफ्नो चमक गुमाए। भारतमा केजरिवालको उदाहरण हेर्रौं, उनको इमान र सक्रियताले दिल्लीमा नयाँ राजनीति जन्मायो, तर समयसँगै संगठनलाई 'एक व्यक्तिकेन्द्रित' बनाउनाले उनको विश्वसनीयता कमजोर बन्यो। राजनीति र शासनबिचको सन्तुलन गुम्दा नयाँ शक्ति पुरानै ढर्राको प्रतीक बन्दै गयो। युक्रेनमा भ्लोदिमिर जेलेन्स्कीको एक कलाकारदेखि राष्ट्रपतिसम्मको यात्रा विश्वकै निम्ति चमत्कारी राजनीतिक कथा हो। तर, उनको चुनौती, व्यक्तिगत लोकप्रियतालाई संस्थागत स्थायित्वमा रुपान्तरण गर्न सक्ने वा नसक्ने प्रश्नमा सीमित रह्यो। नेपालका लागि यी सबै उदाहरण चेतावनी र प्रेरणा दुवै हुन्।

■ नेपालका विगतका प्रयास

नेपालमा वैकल्पिक राजनीति निर्माणको पहिलो ठोस प्रयास डा. बाबुराम भट्टराईले 'नयाँ शक्ति'मार्फत गर्नुभयो। उहाँको त्यो वेलाको लोकप्रियता भोलि देख्न सक्ने क्षमताका कारण परिवर्तित २१औं शताब्दीअनुसारको विचार नयाँ थियो, तर व्यवहार भने पुरानै भयो। माओवादी आन्दोलनका अवसर नपाएका र असन्तुष्ट नेताहरू हाबी भए। संगठन विचारभन्दा व्यक्ति र व्यक्तिकेन्द्रित स्वार्थमा केन्द्रित बन्यो। डा. भट्टराईको अत्यधिक महत्त्वाकांक्षा र अधैर्यले उहाँलाई एकपछि अर्को पार्टीतिर धकेल्यो, नेकपादेखि मधेशवादी हुँदै प्रचण्डसँगको पुनर्मिलनसम्म। परिणामस्वरूप, नयाँ शक्ति पुरानै संस्कारको पुनरावृत्ति मात्रै बन्यो।

त्यसपछि विवेकशील-साझा दलले सुसंस्कृत र पारदर्शी राजनीति गर्ने ठोस प्रयास गऱ्यो। उज्ज्वल थापाजस्ता निष्ठावान् नेताको नेतृत्वमा सुरु भएको यो यात्रा, रवीन्द्र मिश्रको व्यक्तिगत महत्त्वाकांक्षामा अल्झिएर अन्ततः बिथोलियो। साझा-विवेकशीलको एकीकरण नै त्यसको पतनको नयाँ मोड बन्यो। यहीबाट नयाँ दलले सिक्नुपर्ने मुख्य पाठ हो- संवेदनशीलताविना एकता सम्भव हुँदैन।

त्यसपछि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) उदायो, रवि लामिछानेको लोकप्रियतामा आधारित एक नयाँ ऊर्जाका साथ। पत्रकारिताबाट आएका रविले जनतामा नयाँ आशा जगाए। तर, उपप्रधानमन्त्री र गृहमन्त्री बन्नका लागि प्रचण्ड-ओलीसँगको सम्झौताले 'नयाँ पनि पुरानैजस्ता त रहेछन्' भन्ने सन्देश फैलायो। उनको दृढ, मोटिभेसनल नेतृत्वमा शंका छैन, तर व्यवहारमा उनले पुरानै शैली दोहोऱ्याए। रास्वपाको मत र विश्वास उनको व्यक्तिगत लोकप्रियतामा बढी निर्भर भयो, संगठनात्मक गहिराइमा होइन। उनको विगतका कमजोरीको भार पार्टीले बोक्ने कि नबोक्ने द्वन्द्वमा पार्टी अल्झियो। यद्यपि, पुरानो शक्तिद्वारा गरिएको प्रतिशोधका बाबजुद उनले देखाएको इच्छाशक्ति र राजनीतिमा प्रवेश गरिसकेपछिको सक्रियता प्रशंसनीय छ। रास्वपाका २१ सांसदले संसद्मा गरेको मिहिनेत र देखाएको परिपक्वता



अब नेपालमा आवश्यक भएको केवल नयाँ दल होइन, नयाँ संस्कार र सोच पनि हो। वैकल्पिक दल भन्नासाथ केवल 'पुरानाको विरोध' होइन, 'नयाँ व्यवस्थाको निर्माण' पनि हुनुपर्छ।

एवं शालीनता अझै नयाँ राजनीतिक संस्कारको परिचायक बनेको छ।

■ बालेन शाह : मौन विद्रोह र प्रतीकात्मक प्रभाव

कसैले माने पनि नमाने पनि बालेन शाह नयाँ पुस्ताको विद्रोहका प्रतीक बनिसके। उनको मौनता, आत्मविश्वास र प्रणालीप्रतिको असन्तुष्टि युवाहरूको आवाज बनेको छ। तर, राजनीति केवल 'पर्दापछाडिको हस्तक्षेप'बाट सम्भव हुँदैन। यदि उनीजस्तै व्यक्तिहरूले संस्थागत राजनीतिभित्र प्रवेश गरे भने युवापुस्ताको ऊर्जालाई संरचनागत परिवर्तनमा रुपान्तरण गर्न सकिन्छ। बालेनले जनताको मन जितेका छन्, तर अब उनले 'एक्लो अभियान' होइन, संघर्षमा सहयात्रीहरूको संरचना बनाउनुपर्छ।

> नयाँ सोच र परिवर्तन चाहने जेन-जी आन्दोलनका सहभागी, समर्थक र तिनबाट उदाएका पात्र अहिले एक ठाउँमा उभिन सकेनन् भने पुरानै दलका नेता पुनः हाबी हुनेछन्

■ नयाँ सोच र नयाँ समायोजनको खाँचो

अब नेपालमा आवश्यक भएको केवल नयाँ दल होइन, नयाँ संस्कार र सोच पनि हो। वैकल्पिक दल भन्नासाथ केवल 'पुरानाको विरोध' होइन, 'नयाँ व्यवस्थाको निर्माण' पनि हुनुपर्छ। त्यसका लागि आजको सन्दर्भमा एउटा ठुलो राजनीतिक पुनर्संरचना आवश्यक छ, रास्वपा, बालेन शाह र उनको टिम, जेन-जी आन्दोलन र त्यसपछि उदाएका युवा नेताहरू, कुलमान घिसिङ, सुदन गुरुङलगायत देशभक्त र इमानदार पात्रहरू, साथै पुराना दलका अवसर नपाएका योग्य र सक्षम नेताहरू, यी सबै एकै ठाउँमा आउन जरुरी छ। यस्ता विविध स्रोत र दृष्टिकोणलाई मिलाएर मात्रै जनताले खोजेको आशालाग्दो वैकल्पिक दल निर्माण गर्न सकिन्छ, जहाँ नीति स्पष्ट होस्, लक्ष्य ठोस होस् र राष्ट्र निर्माणको खाका व्यावहारिक होस्।

यदि नयाँ सोच र परिवर्तन चाहने जेन-जी आन्दोलनका सहभागी, समर्थक र तिनबाट उदाएका पात्र अहिले एक ठाउँमा उभिन सकेनन् भने पुरानै दलका नेता पुनः हाबी हुनेछन्। अनि बदलाको राजनीतिले फेरि आफ्नै सन्तानलाई 'अराजक' वा 'आतंककारी'का नाममा किनारा लगाउनेछ। त्यसैले यो समय केवल विकल्प खोज्ने होइन, एक भएर विकल्प बन्ने निर्णायक घडी हो। फेरि प्रतिशोध र बदलाको राजनीतिमा अलमलिनु भनेको देशलाई अस्थिरतातिर लैजानु हो।

■ सुधारिएको कांग्रेस र विचारशील वामशक्तिको आवश्यकता

अर्कातर्फ, पुराना दलभित्र पनि रुपान्तरणको सम्भावना बाँकी छ। गगन थापा, विश्वप्रकाश शर्माजस्ता नेताले यदि कांग्रेसलाई संस्थागत सुधारको बाटोमा लैजान सके भने त्यो पनि एउटा बलियो वैकल्पिक ध्रुव बन्न सक्छ। त्यस्तै, वाम राजनीति पनि अब 'नेता होइन, विचार'मा केन्द्रित हुनुपर्छ। कम्युनिस्ट आन्दोलनभित्रका सिद्धान्तमा आस्था राख्ने, तर व्यवहारमा साँच्चिकै जनमुखी र पारदर्शी नेताहरूले एक विचारशील, जिम्मेवार र लोकतान्त्रिक वाम ध्रुव निर्माण गर्न सक्छन्। दुवै धारले सन्तुलित लोकतन्त्रमा एक-अर्कालाई खबरदारी गर्ने शक्तिको भूमिका खेल्न सक्छन्।

■ अबको बाटो : त्याग, एकता र स्पष्ट दृष्टिकोण

अब नयाँ राजनीतिको अर्थ 'आफ्नो फोटोसहितको ब्यानर र जयजयकार' होइन। त्यो हो, त्याग, इमान र राष्ट्रिय दृष्टिकोणको अभ्यास। रवि लामिछानेजस्ता नेताले आफ्नो विगतका गल्ती स्विकार्दै पुराना दलका भूत बोक्ने प्रवृत्ति त्याग्दै, सबै नयाँ शक्तिलाई मिलाउन सक्नुपर्छ। रास्वपाको संगठन र आशालाग्दो टिम, बालेनको साहस, कुलमानलगायतप्रतिको जनताको आशा र जेन-जी पुस्ताको दबाबसहितको समर्थन, यी सबैलाई एउटै मञ्चमा ल्याउन सके नेपालमा वैकल्पिक राजनीति केवल सपना होइन, सम्भावना बन्न सक्छ।

■ ढिलो भइसक्यो, तर असम्भव छैन

नेपालमा जनताको भरोसा भत्किएको छ, तर आशा मरेको छैन। अबको राजनीति अहंकार होइन, सहयोगको हुनुपर्छ। बालेनले मौनता तोड्नु, रविले त्याग देखाउन सकून् र कुलमानसहितका देखिएका र नदेखिएका, नसुनिएका पात्रहरूले देशका लागि साँचो नेतृत्वको जिम्मा लिन सकून्। यदि यी सबै नयाँ सोच र शुद्ध उद्देश्यका पात्रहरू मिलेर संविधान संशोधन, संरचनागत सुधार र पारदर्शी शासनको स्पष्ट नक्सा लिएर अघि बढे भने नेपालले फेरि विश्वास जगाउन सक्नेछ, हो, नयाँ नेपाल सम्भव छ।

(भुसाल सामाजिक विकासविज्ञ तथा सहकारीकर्मी हुन्)
edc.arghakhanchi@gmail.com

---

३ प्रश्न

नेपाल सरकारका पूर्वसचिव **केदार न्यौपाने**लाई



हाल सरकारले भिजिट भिसालाई खुकुलो बनाउन लागेको छ, यो कत्तिको सही हो ?

राज्यले कसैलाई पासपोर्ट दिनु भनेको तिमी देश छाडेर विदेश जान सक्छौ भनेर अनुमति दिएको हो। कुनै देशले भिसा दिनु भनेको तिमी मेरो देशमा आउन सक्छौ भनेर स्वीकृति दिएको हो। जब कसैसँग राज्यले दिएको 'भ्यालिड' र सक्कली पासपोर्ट र अर्को देशले दिएको सक्कली भिसा छ भने बिचमा कसैले रोक्न मिल्दैन। उसले कुनै अपराध गरेको छ र राज्यको कुनै निकायले कालोसूचीमा राखेको छ भने फरक कुरा हो। नत्र, कसैले लगाएको जुत्ता, लुगा, उसको दारी, कपाल आदि हेरेर कसैलाई रोक्ने र कसैलाई जान दिने गरिन्छ भने त्यहाँ मान्छेलाई अप्ठ्यारोमा पारेर पैसा झार्ने नियतबाहेक केही लुकेको हुँदैन। त्यसैले, सरकारले भिजिट भिसामा विदेश जान सहज बनाउन गरेको प्रयास ठिक छ।

जे गर्दा पनि भिजिट भिसासम्बन्धी समस्याको समाधान किन नभएको होला ?

सामान्यतः विदेश जाने क्रममा लिइने भिसा अनेक प्रकारका हुन्छन्। कसैले वर्किङ भिसा लिएका हुन्छन् भने कसैले स्टुडेन्ट भिसा। कसैले अफिसियल भिसा लिएका हुन्छन् भने कसैले भिजिट भिसा। कतिपय देशमा भिजिट भिसामा बोलाएर काम गर्न दिने चलन पनि हुन्छ। कसैलाई विदेश जानबाट रोक्नु छ भने उसको 'ब्याकग्राउन्ड' हेरेर पासपोर्ट दिँदा नै रोक्नुपर्छ। विदेशतिर पनि यस्तो अभ्यास पाइन्छ। तर, सबैलाई पासपोर्ट दिने हो भने यो समस्या यस्तै रहन्छ।

हाम्रो अध्यागमन नीति र प्रणालीमा सुधार्नुपर्ने विषय के छन् जस्तो लाग्छ ?

यो समस्या अध्यागमनसित मात्र जोडिएको हुँदैन, श्रमसँग पनि जोडिएको हुन्छ। त्यसैले, अध्यागमन एक्लैले गरेर हुँदैन। स्वदेशमै पर्याप्त रोजगारी सिर्जना गर्न सक्ने हो भने यो समस्यामा कमी आउन सक्छ। जबसम्म सरकारको नीति नै विदेश जाऊ भन्ने हुन्छ, तबसम्म यो समस्याको समाधान निस्किन कठिन छ।

प्रेरक प्रसंग

जीवनको रहस्य

एकपटक मनोविज्ञानको कक्षामा एक नयाँ प्राध्यापकले प्रवेश गरे। उनको साथमा एउटा सिसाको जार, ससाना आकारका ढुंगा, मसिना चिप्स, केही बालुवा र एउटा जगमा केही पानी थियो। प्राध्यापकले कक्षामा प्रवेश गर्नासाथ विद्यार्थीले अभिवादन गरे। प्राध्यापकले आजको कक्षामा पढाइ नहुने र केही विशेष सिक्ने अवसर प्राप्त हुने बताए। पढाइ नहुने सुन्नासाथ विद्यार्थी दंग परे।



प्राध्यापकले एउटा टेबलमा आफूले ल्याएका सामग्री राखे। उनी रित्तो जारमा ससाना ढुंगा भर्न थाले। एकैछिनमा जार ढुंगाले भरियो। उनले विद्यार्थीसित प्रश्न गरे- के यो जार भरियो ? सबैले 'हो' भन्दै सहमतिमा टाउको हल्लाए। त्यसपछि प्राध्यापकले सोही जारमा चिप्स हाल्न सुरु गरे। चिप्स पनि सजिलै बाटो बनाउँदै भित्र गयो। एकछिनपछि पुनः प्राध्यापकले प्रश्न गरे- के जार भरियो त ? विद्यार्थीले पुनः उही उत्तर दिए- हो सर, जार भरियो।

त्यसपछि प्राध्यापकले त्यसमा बालुवा हाल्न सुरु गरे। बालुवा पनि आफ्नो बाटो बनाउँदै जारमा प्रवेश गऱ्यो। एकैछिनमा पुनः जार भरियो। पुनः पुरानै प्रश्न दोहोरियो। उत्तर पनि पुनः उही आयो।

विद्यार्थीको जवाफ सुनिसकेपछि प्राध्यापकले पुनः त्यसमा पानी भर्न सुरु गरे। पानी पनि मजाले अट्यो। त्यसपछि प्राध्यापकले विद्यार्थीतिर फर्किँदै भने- हेर्नुस् भाइबहिनी हो ! हामीले जहिल्यै जिन्दगीमा आफ्नो प्राथमिकता निर्धारण गर्नुपर्छ। जिन्दगी पनि एक काँचको जार जस्तै हो। जसमा सबैभन्दा पहिले पत्थर आवश्यक छ। पत्थर भन्नुको अर्थ तपाईंहरूको परिवार, चरित्र र स्वास्थ्य हो। त्यसपछि चिप्स अर्थात् नोकरी, पेसा, व्यवसाय या अन्य आवश्यकता आउँछन्। बालुवा भनेको हाम्रो जीवनको निकै ससाना आवश्यकताको प्रतिनिधि हो। त्यसैले, हामीले पहिल्यै जारमा बालुवा भरिदियौं भने बाँकी वस्तुका लागि स्थान खाली हुँदैन। त्यसैले, जीवनमा जे सबैभन्दा महत्त्वपूर्ण र आवश्यक छ, पहिले त्यसैमा ध्यान दिनु जरुरी छ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

तस्करलाई सजिलो हुने त होइन ?

धेरै नेपाली भिजिट भिसामा जाने देश युएईले भिसा रोकेको छ। अब जे गरे पनि भैगो नि ! पहिला जेलबाट भागेका कैदीलाई समातेर जेलमा हाल्ने, लुटिएका हतियार खोजबिन गर्ने र जेन-जी आन्दोलनमा दमन गर्ने दमनकारी र जेन-जीका नाममा दलका कार्यकर्तामार्फत अराजकता सिर्जना गर्ने सबैलाई कारबाही नगर्ने हो भने देश अप्ठ्यारोमा पर्दै जानेछ। पूर्ण कानुनी राज्यको स्थापना आजको आवश्यकता हो।

● हिमकुमार बस्नेत

नयाँ सेटिङ मिल्यो कि ? भिजिट भिसालाई मानव तस्करी देख्ने राजनीतिक दलले अब संसद् नभएको वेला सडक बन्द गर्छ कि गर्दैन होला ?

● मानव भण्डारी



राम्रो काम ! जनतालाई बाध्य पारेर लुट्न पल्केका भ्रष्टहरूको आम्दानीको एउटा स्रोत बन्द भएकै राम्रो।

● सञ्जय पराजुली

फेरि मेनपावर एजेन्टलाई प्रश्रय दिने काम हुँदै छ। खातामा पैसा देखाउन जरुरी नभए पनि होटेल बुकिङ अनि दुईतर्फी टिकट हुनैपर्छ। नभए फेरि भिजिट भिसा भन्दै मानव तस्करी मौलाउँछ।

● सञ्जित गिरी
(नयाँ पत्रिका फेसबुक पेजबाट)

सरकारको काम निर्वाचन मात्र हो ?

सरकारलाई पहिलो प्रश्न छ- सरकारको काम निर्वाचन गराउने मात्र हो कि जेन-जीले राखेका माग पनि सुन्ने हो ? अहिले यसो हेर्दा सरकारको उद्देश्य निर्वाचन मात्र हो कि जस्तो देखिन्छ। जुन सरासर गलत हो। निर्वाचनका लागि निर्वाचन गराउनुको अर्थ छैन। देशको ढुकुटी सकेर यही अवस्थामा निर्वाचनमा जानु भनेको युवाप्रतिको धोका हो। यस्तै निर्वाचन त यसअघि पनि भएको थियो। त्यसले के परिणाम दियो, हामी सबैले देखेभोगेकै छौं। त्यसकारण निर्वाचनमा मात्र 'फोकस' हुने होइन, देशमा सुशासन ल्याउने काम पनि गर्नुपऱ्यो। प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री युवाको मात्र नभएर अहिले देशभरकै जनताको माग बनेको छ। यसलाई अन्तरिम सरकारले सुनोस्। प्रधानमन्त्रीज्यू, फेरि पनि यही अवस्थामा निर्वाचन गराउने हो भने फेरि त्यही हिजोकै परिपाटी चलिहाल्छ नि ! आन्दोलनको अर्थ के रह्यो, परिवर्तन कसरी भयो ? अर्को महत्त्वपूर्ण पाटो शान्तिपूर्ण आन्दोलन दबाउन बल प्रयोग गर्ने प्रहरी र आदेश दिनेहरूलाई कारबाही गरेको खोइ ? तत्कालीन प्रधानमन्त्री, गृहमन्त्री, गृहसचिव, सिडिओ र प्रहरी प्रमुखलाई तत्काल कारबाही गर्नुपऱ्यो। सरकारले फेरि अर्को आन्दोलन चर्काउने काम नगरोस्। भोलि दलका भातृ संगठन र युवाबिच तनाव सिर्जना भयो भने त्यसको जिम्मा कसले लिन्छ ?

जेन-जीको पहिलो माग भनेकै प्रत्यक्ष निर्वाचित कार्यकारी हो। खोइ त अहिलेसम्म त्यसका लागि केही 'प्रोसेस' चालिएको ? सरकारले केही गरेको छैन भन्ने होइन, गर्नुपर्ने काम गरेन भनेको मात्र हो। हिजोको भन्दा आजको सरकारलाई काम गर्न सजिलो छ, गर्न चाहेको खण्डमा। हिजो दलहरूलाई मिलाएर लानुपर्न बाध्यता थियो भने आजको सरकारलाई त्यो छैन। सरकारले अध्यादेशमार्फत फटाफट निर्णय गर्न सक्छ। राष्ट्र र जनहितमा काम गर्न प्रधानमन्त्रीलाई केले रोकेको छ ?

● **पुरुषोत्तम घिमिरे,** जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

इन्टरनेट बन्द गर्दैमा रोकिँदैन अफगानीको आवाज

अफगानिस्तानमा देशभर इन्टरनेट पहुँचमा कटौतीले व्यावसायिक गतिविधि र बैंकिङ प्रणाली अवरुद्ध हुनेछन्, अनलाइन सिकाइ र छात्रवृत्तिका अवसर गुम्नेछन्



देश / विदेश

● हुजातुल्लाह जिअ

मसानो छँदा अफगानीहरूले देशबाहिरका आफ्ना आफन्तलाई फोन गर्न आवश्यक पर्दा पाकिस्तान यात्रा गर्नुपर्थ्यो। आज, हामी वास्तविक जोखिमको सामना गरिरहेका छौं। इन्टरनेट प्रयोग गर्नकै लागि छिमेकी देशमा यात्रा गर्न बाध्य हुने अवस्थामा छौं। केही साताअघि कान्दाहार, हेलमन्ड र बाल्खलगायत धेरै प्रान्तमा फाइबर-अप्टिक इन्टरनेट सेवा बन्द गरिएको थियो। यो समस्या सम्पूर्ण देशभर फैलिन सक्छ। यदि तालिबान नेतृत्वले आफ्नो नीतिमा पुनर्विचार गरेन भने अफगानिस्तान विश्वको बाँकी भागबाट अलग हुन सक्छ।

अब चाँडै तपाईंले मेरा र लाखौं अफगानीका कथा पढ्न सक्नुहुन्न, किनकि हामी इन्टरनेटमा जोडिन सक्दैनौं। देशमा पूर्ण मौनता छाउनेछ। बाल्ख प्रान्तमा फाइबर-अप्टिक इन्टरनेट बन्द भएपछि उक्त प्रान्तीय सरकारका प्रवक्ता हाजी जैदले यो प्रतिबन्ध तालिबान नेता हैबतुल्लाह अखुनजादाको 'दुष्कर्म' रोक्न प्रत्यक्ष आदेश भएको सामाजिक सञ्जाल एक्समा बताए। यद्यपि, धेरैले उनको पोस्टमा नकारात्मक प्रतिक्रिया दिए। नीति लागू गर्नुअघि उचित विकल्प अपनाउनुपर्ने धेरैले तर्क गरे।

देशभर इन्टरनेट पहुँचमा कटौतीले अफगान नागरिकलाई धेरै तरिकाले असर गर्नेछ। व्यावसायिक गतिविधि र बैंकिङ प्रणाली तुरुन्तै अवरुद्ध हुनेछन्। अनलाइन सिकाइ र छात्रवृत्तिका अवसर गुम्नेछन्। धेरै राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्था, गैरसरकारी संस्था र इ-सरकारी सेवाहरूले गम्भीर चुनौतीको सामना गर्नेछन्, साथै अनलाइन कामदारहरूले आफ्नो जागिर गुमाउनेछन्। बाँकी संसारसँगको सञ्चार विच्छेद हुनेछ।

मेरो परिवारले पनि पीडा भोग्नेछ। केही वर्षदेखि बेरोजगारीसँग संघर्ष गरिरहेको व्यक्तिको रूपमा मैले इन्टरनेटमा कुनै न कुनै प्रकारको आम्दानी गर्ने विभिन्न अवसर फेला पारेको छु, जसमा मेरो देशका सुन्दर भाग देखाउन युट्युब च्यानल सुरु गर्नु पनि समावेश छ। अझ महत्त्वपूर्ण कुरा यदि यो राम्रो इन्टरनेट जडानका लागि नभएको भए हामी अहिले विदेशमा बस्ने र वर्षौंसम्म देख्न नसक्ने परिवारसँग सम्पर्कमा रहन हम्मेहम्मे पर्नेछ।

इन्टरनेट बन्द गर्नाले अफगानिस्तान विश्वव्यापीस्तरमा सीमान्तकृत हुनेछ। यो देशमा लागू हुने प्रतिबन्धले अफगानिस्तानका धेरै सार्वजनिक क्षेत्रमा, विशेषगरी पहिले नै संघर्ष गरिरहेको अर्थतन्त्रमा प्रतिकूल प्रभाव पार्नेछ। प्रतिबन्धको यो चरम सीमामा जानुको सट्टा अफगानिस्तानले चीनको उदाहरणलाई ध्यान दिनुपर्छ। यो कुरा ध्यानमा राख्नुपर्छ कि विश्वको दोस्रो ठुलो अर्थतन्त्रको रूपमा चीनले १९७८ मा देङ सियाओपिङले अपनाएको सुधार र खुलापनको नीतिमा आफ्नो आर्थिक विकासको श्रेय लिएको छ। यो एजेन्डाले चीनलाई गरिब देशबाट उत्पादनशील राष्ट्रमा रुपान्तरण गऱ्यो।

जब सन् २००० को दशकमा देशभर इन्टरनेटको प्रयोग फैलियो, बेइजिङका अधिकारीले केही जोखिम देखे। तर, आफ्नो देशलाई बाँकी संसारसँग विच्छेद गर्नु र खुलापनको नीतिलाई उल्टाउनुको सट्टा तिनीहरूले घरेलु इन्टरनेट पूर्वाधार र फिल्टरहरू निर्माणमा लगानी गरे।



तसर्थ, जोखिमपूर्ण मानिने इन्टरनेट सामग्रीलाई बाँकी संसारबाट एक अर्ब ४० करोड चिनियाँ नागरिकलाई बन्द नगरी फिल्टर गरियो।

अफगानिस्तानमा अनैतिक मानिने भिडियोहरू पहिले नै सेन्सर गरिएका छन्, जसले गर्दा नागरिकलाई त्यस्ता सामग्री पहुँच गर्नबाट रोक लगाइएको छ। यदि सरकार यी फिल्टर असफल भइरहेकामा चिन्तित छ भने तिनीहरूलाई अझ प्रभावकारी बनाउन निश्चित रूपमा प्राविधिक समाधान छ। यो पनि स्वीकार गर्नुपर्छ कि सबैका लागि इन्टरनेट बन्द गर्नाले वास्तविक जीवनमा 'अनैतिकता' रोक्न सकिँदैन। यदि नीतिको उद्देश्य अन्तर्राष्ट्रिय समुदायलाई औपचारिक मान्यताको लागि दबाब दिनु हो भने यसले पनि काम गर्दैन। यसले अफगानिस्तानसम्बन्धी आफ्नो नीति परिवर्तन गर्न अन्य देशलाई प्रभावकारी रूपमा उत्प्रेरित गर्नुको सट्टा अफगानी जनतालाई हानि पुऱ्याउनेछ।

इन्टरनेट अब दैनिक जीवनको एक अत्यावश्यक अंश हो। यसलाई खाना र पानीजस्ता आधारभूत आवश्यकतासँग तुलना गर्न सकिन्छ। दुई दशकसम्म इन्टरनेट चलाएर बसेपछि मेरा पुर्खाले जस्तै जीवन बिताउनु (प्राविधिक आविष्कार र एआईको युगमा बाँकी संसारबाट विच्छेद) मलाई डरलाग्दो लाग्छ। पहुँच गुमाउने चिन्तामा यो लेख लेख्दा मैले हरेक केही मिनेटमा मेरो इन्टरनेट जडान जाँच गर्नुपरेको छ। अफगानिस्तान र बाँकी संसारमा के भइरहेको छ भन्नेबारे जानकारी प्राप्त गर्ने एक मात्र तरिका रेडियो सुन्नु थियो भन्ने पुरानो दिनमा बाँच्ने कल्पनासम्म गर्न पनि म डराउँछु।

हाम्रा कथाहरू महत्त्वपूर्ण छन्। हामी चाहन्छौं कि संसारले हाम्रो कुरा सुनोस् र कठिनाइको समयमा हामीलाई सहयोग गरोस्। सीमान्तकृत, विच्छेदित र गरिबीले ग्रस्त अफगानिस्तान कसैको हितमा छैन। अफगानहरू विश्वव्यापी समुदायको हिस्सा रहन र बाँकी विश्वसँग अन्तर्क्रिया गर्न चाहन्छन्। उनीहरूलाई पूर्ण रूपमा एक्लोपनमा बस्न बाध्य पार्नुहुँदैन।

हुजातुल्लाह पत्रकार तथा डेली आउटलुक अफगानिस्तानका वरिष्ठ लेखक हुन्
अलजजिराबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

आप्रवासन कडाइ गर्ने जापानी प्रधानमन्त्रीको नीति हुन सक्छ प्रत्युत्पादक

ताकाइचीको आप्रवासनलाई प्रतिबन्धित गर्ने कठोर नीतिले जापानको आर्थिक समस्या समाधान गर्नु त परको कुरा, उल्टो श्रम अभाव र मुद्रास्फीति निम्त्याउन सक्छ



● एडम सिम्पसन

सिम्पसन युनिभर्सिटी अफ साउथ अस्ट्रेलियाका अन्तर्राष्ट्रिय अध्ययनका सिनियर लेक्चरर हुन् ।

जापानको पहिलो महिला प्रधानमन्त्री बनेर सानेए ताकाइचीले इतिहास रचेकी छिन् । तथापि, ताकाइचीको जित नारीवादी वा प्रगतिशील राजनीतिका लागि भने खुसी हुनुपर्ने घटनाका रूपमा आएन । किनकि, ताकाइची एक दक्षिणपन्थी अति रुढिवादी नेता हुन्, जसले महिला र समाजको परम्परागत भूमिकामा जोड दिन्छिन् ।

आप्रवासनसम्बन्धी उनको अडान विश्वका अन्य रुढिवादी र दक्षिणपन्थी लोकप्रियतावादीहरूको जस्तै छ । उनी 'राष्ट्रिय पहिचान र परम्परागत मूल्य-मान्यता'को रक्षा गर्दै बलियो आर्थिक वृद्धिलाई जोड दिन्छिन् । तथापि, ताकाइचीको आप्रवासनलाई प्रतिबन्धित गर्ने नीतिले जापानको आर्थिक समस्या समाधान गर्नु त परको कुरा, उल्टो श्रम अभाव र मुद्रास्फीति निम्त्याउन सकछ ।

निरन्तरको घट्दो जन्मदरका कारण जनसांख्यिकीय संकट भोगिरहेका धेरै विकसित देशले समेत जापानलाई हेर्दै आएका छन् । जापानको जनसंख्या १६ वर्षदेखि लगातार घट्दै आएको छ । ताकाइचीले आप्रवासन सम्बन्धमा अझ व्यावहारिक दृष्टिकोण अपनाइनन् भने उनको कार्यकालमा आर्थिक गतिहीनता र गिरावट आउन सक्छ ।



बहुमत पुऱ्याउने दबाबमा ताकाइची

ताकाइची अक्टोबर महिनाको सुरुमा सत्तारुढ लिबरल डेमोक्रेटिक पार्टी (एलडिपी)की नेता निर्वाचित भएकी थिइन् । तर, एलडिपीको सत्ता साझेदार कोमेइतो पार्टी राजनीतिक कोष घोटाला सम्बन्धमा एलडिपीको व्यवहारप्रति असन्तुष्टि जनाउँदै सत्ता गठबन्धनबाट पछि हटेपछि उनको प्रधानमन्त्री चयन ढिलाइ भयो ।

जापानको संसद्को माथिल्लो र तल्लो दुवै सदनमा एलडिपी अहिले अल्पसंख्यक अवस्थामा छ । र, सत्ता बनाउन उसलाई साना दलसँग गठबन्धन बनाउन आवश्यक छ । सबै पक्षबाट केही त्याग गर्नुपर्ने व्यापक वार्तापछि इसिन भनिने दक्षिणपन्थी जापान इनोभेसन पार्टीले ताकाइची तथा उनको एलडिपी नेतृत्वको सरकारलाई समर्थन गर्न सहमति जनायो । तर, नयाँ गठबन्धनसँग अझै पनि तल्लो सदनमा बहुमतका लागि आवश्यकभन्दा दुई सिट कमै छ । अर्थात्, बहुमतका लागि वर्तमान सत्ता गठबन्धनलाई थप संसदीय समर्थन आवश्यक पर्नेछ । यसर्थ, ताकाइचीको वर्तमान अल्पसंख्यक सरकार अधिल्ला सरकारभन्दा बढी अनिश्चित हुनेछ ।

जापानको जनसांख्यिकीय संकट

सन् २००८ मा १२ करोड ८० लाख पुगेर जापानको जनसंख्या निरन्तर घट्दै गएको छ । यसबिच यसको संख्या झन्डै चालीस लाखले घटेर करिब १२ करोड ४० लाख पुगेको छ । तथ्यांकअनुसार गत वर्ष प्रजनन दर (एउटा महिलाले आफ्नो जीवनकालमा जन्माउने औसत बच्चाको संख्या) १.१५ को रेकर्ड न्यूनतममा झरेको छ । पछिल्लो अनुमानअनुसार जापानको जनसंख्या सन् २०७० सम्ममा आठ करोड ७० लाख र यो शताब्दीको अन्त्य अर्थात् सन् २१०० सम्ममा ६ करोड ३० लाखमा झर्ने अपेक्षा गरिएको छ । यो भनेको अहिलेको भन्दा झन्डै आधा जनसंख्या हो । त्यसमा पनि जनसंख्याको आधा मात्र काम गर्ने उमेरका हुने प्रक्षेपण छ ।

> अन्य रुढिवादी राजनीतिज्ञहरूजस्तै जापानी नेताले पनि आप्रवासी भित्र्याउनेभन्दा पनि देशभित्रै बढी बच्चा जन्माउने नीतिलाई बढावा दिने बताएका छन् ।

यो मुद्दा केबल घट्दो जनसंख्याको मात्र होइन, बुढ्यौली उमेर समूहको हिस्सा बढ्दै जाँदा पेन्सन खर्च र चिकित्सा लागत पनि बढ्दै जान्छ । तर, जापानमा शिक्षक, डाक्टर र स्याहारकर्ताजस्ता पेसामा भने तीव्र गिरावट देखिएको छ ।

आप्रवासन बन्दै छ प्रमुख राजनीतिक मुद्दा

अधिल्ला सरकारले घट्दो जनसंख्यालाई एक महत्त्वपूर्ण समस्या भएको स्वीकार गरेको थियो । तर, तिनले यस मुद्दालाई सम्बोधन गर्ने थोरै मात्र कदम उठायो । उसो त विगतमा विभिन्न पहलअन्तर्गत उलेख्य संख्यामा विदेशी नागरिक वा श्रमिक जापान भित्रिएका छन् । तर, सत्तारुढ एलडिपीभित्र आप्रवासीलाई जापानी समाजमा समायोजन गर्ने सन्दर्भमा ठुलो अनिच्छा देखिन्छ । त्यसैले कुनै पनि एलडिपी सरकारले त्यसलाई आवश्यक पर्ने स्तरका कार्यक्रम नै ल्याएको देखिँदैन । जे-जति समायोजन कार्यक्रम ल्याइएका छन्, तिनले सामान्य सफलता मात्र हासिल गरेका छन् ।

जापानमा विदेश जन्मिएका बासिन्दाको संख्या यो वर्ष हालसम्मकै उच्च अर्थात् ३६ लाख पुगेको छ, जुन जनसंख्याको लगभग तीन प्रतिशत हो । तर, अन्य विकसित अर्थतन्त्रसँग तुलना गर्ने हो भने यो निकै कम हिस्सा हो । विदेशी नागरिकको आगमन बढेसँगै जापानमा जन्मिने 'विदेशी' शिशुको संख्या पनि रेकर्ड स्तरमा बढेको छ । धेरै नयाँ बच्चा पाउनेमा चिनियाँ, फिलिपिनो र ब्राजिलियन आमा शीर्ष स्थानमा छन् । जापानी आमाबाबुबाट नवजात शिशुहरूको घट्दो संख्यालाई यी विदेशी सन्तानले केही हदसम्म पूर्ति गरेका छन् ।

जापानको पर्यटन उद्योग पनि फस्टाउँदै छ । गत वर्ष लगभग तीन करोड ७० लाखभन्दा बढी आगन्तुक जापान गएका थिए । जापानमा विदेशीको यो बढ्दो संख्याले उग्र दक्षिणपन्थी सान्सेइतो पार्टीसहित आप्रवासीविरोधी दलहरू र नीतिहरूलाई प्रेरित गरेको छ । यसले गर्दा एलडिपीले सान्सेइतो र अन्य लोकप्रिय दलले आफ्नो मत खोस्ला भन्ने डरले आफैँ यस सम्बन्धमा कठोर बन्न थालेको छ । ताकाइचीको चर्को राष्ट्रवादी बयानबाजी एलडीपीको पुरानो रुढिवादी आधारलाई आकर्षित गरेको पनि यही कारणले हो ।

ताकाइची श्रम अभाव भएका निर्दिष्ट क्षेत्रमा मात्र विदेशी कामदार भित्र्याउनुपर्ने वकालत गर्छिन् । त्यसमा समेत कडा मापदण्ड (जस्तै- जापानी भाषा क्षमता, तालिम र निरीक्षण) पूरा हुनुपर्ने उनको अडान छ । र, उनी आप्रवासीको सामूहिक बसोवास दिने वा विदेशी बासिन्दालाई ठुलो मात्रामा राजनीतिक अधिकार प्रदान गर्ने कुराको विरोध गर्छिन् । यद्यपि उनका नीतिहरू अहिलेसम्म विस्तृत रूपमा बाहिर आइसकेका नभए पनि उनले विदेशीलाई राष्ट्रिय एकताका लागि खतराको रूपमा प्रस्तुत गर्दै आएकी छिन् । यसैले उनी तिनको कडाइसाथ नियन्त्रण गर्न आवश्यक भएको बताउने गर्छिन् ।

बच्चा जन्माउने नीतिमा जोड

विश्वभरिको प्रवृत्ति वयोवृद्ध जनसंख्या दक्षिणपन्थी रुढिवादी मिडिया र राजनीतिज्ञका आप्रवासीविरोधी अभियानप्रति आकर्षित हुने देखिएको छ । जापान पनि यसको अपवाद होइन । त्यसैले, ताकाइचीजस्ता राजनीतिज्ञले विदेशीलाई सामाजिक सद्भावका खतराको रूपमा देखाएर चुनावी फाइदा उठाउन खोज्छन् । तर, यी भाषणबाजीविपरीत खासमा जापानजस्ता वृद्ध जनसंख्या बढ्दै गएको देशलाई नै आप्रवासनको सबैभन्दा बढी आवश्यकता पर्छ ।

यस्ता तर्क गर्ने रुढिवादी राजनीतिज्ञहरूले आप्रवासी भित्र्याउनेभन्दा पनि देशभित्रै बढी बच्चा जन्माउने नीतिलाई बढावा दिने गर्छन् । देशका प्रमुख जातीय वा जातीय समूहका महिलाले बच्चा धेरै जन्माए समस्या आफैँ समाधान हुने यिनको विचार छ । यसले जनसंख्या बढाउनुका अतिरिक्त देशमा पहिलदेखिको सांस्कृतिक र जातीय एकरूपता कायम राख्ने उनीहरू बताउँछन् ।

हंगेरी त्यस्तै एक उदाहरण हो । त्यहाँ भिक्टर ओर्बनको दक्षिणपन्थी राष्ट्रवादी सरकारले देशको कुल गार्हस्थ उत्पादनको लगभग पाँच प्रतिशत लागत आमाबाबुलाई बालबच्चा जन्माउन प्रोरित गर्ने वित्तीय योजना ल्याएको छ । तर, यस्तो कार्यक्रमले पनि अपेक्षित जन्मदर बढाउन सकेको छैन । सन् २०२३ मा हंगेरीको जन्मदर युरोपेली औसतभन्दा माथि गए पनि त्यसयता घटिरहेको छ ।

रुढिवादीहरूले जापानमा पनि आप्रवासनको वृद्धि रोकेर देशकै नागरिकलाई बच्चा जन्माउन प्रेरित गर्ने कायक्रम ल्याउन दबाब दिइरहेका छन् । यस्तोमा ताकाइची प्रधानमन्त्री भएपछि जापानी समाजमा महिलाको स्वतन्त्रता र स्थितिमा सुधार हुने सम्भावना देखिँदैन । त्यस्तै, उनका नीतिले मात्र जन्मदरमा उल्लेखनीय वृद्धि गर्ने सम्भावना नभए पनि आप्रवासनमा वृद्धि भने रोकिन सक्छ । यस्तोमा जापानको अहिलेको जनसांख्यिकीय संकट जारी रहने र निकट भविष्यमा अझ खराब हुने सम्भावना छ ।

द कन्भर्सेसनबाट

इतिहासमा आज अक्टोबर ३०



सन् १९९५ : क्यानडाको फान्सेलीभाषीको बाहुल्य रहेको क्युवेक राज्य स्वतन्त्र देश बन्नुपर्ने वा क्यानडामा रहनुपर्ने प्रश्नमाथि जनमतसंग्रह भयो । ५०.५८ प्रतिशतको झिनो मतान्तरले क्यानडा रहनुपर्ने पक्षले जित हासिल गऱ्यो ।

सन् १९०५ : ठुलो आन्दोलनको दबाबमा रुसी जार निकोलस द्वितीयले अक्टोबर घोषणापत्र जारी गरे । त्यसले डुमा (संसद्) खुलाउनेदेखि कैयौँ नागरिक अधिकार प्रदान गरेको थियो ।

सन् १९१८ : अस्ट्रो-हंगेरी सम्राज्यको हिस्सा रहेको स्लोभाक क्षेत्रलाई स्वतन्त्र राष्ट्र घोषणा गर्दै 'मार्टिन घोषणापत्र' जारी ।

सन् १९१८ : अटोमन साम्राज्यले प्रतिद्वन्द्वी शक्तिसँग युद्धविराममा हस्ताक्षर गर्दै पहिलो विश्वयुद्धबाट बाहिरिएको घोषणा गऱ्यो ।

सन् १९२२ : तीस हजार कालो वस्त्र लगाएका फासीवादीले राजधानीमा च्याली निकालेपछि राजा भिक्टर इम्यानुयल तृतीयले फासीवादी नेता बेनितो मुसोलिनीलाई सरकार गठनका लागि आह्वान गरे ।

सन् १९४७ : २३ देशले व्यापार अवरोध हटाउनेसम्बन्धी जेनरल एग्रिमेन्ट अन ट्यारिफ एन्ड ट्रेड (जिएटिटी)मा हस्ताक्षर गरे, जुन पछि गएर विश्व व्यापार संगठनमा विकसित भयो ।

सन् १९६० : माइकल वुडरुफ नेतृत्वको टोलीले बेलायतको एडिनबर्ग रोयल इनफर्मरीमा विश्वको पहिलो सफल मिर्गौला प्रत्यारोपण गऱ्यो ।

सन् १९६१ : हालसम्म बनाइएको सबैभन्दा शक्तिशाली आणविक बम 'जार बोम्बा' सोभियत संघले यसै दिन परीक्षण गऱ्यो ।

सन् १९८० : होन्डुरस र अल सल्भाडोरबिच सन् १९६९ को जुलाई १४ देखि १८ बिच भएको चारदिने युद्धसम्बन्धमा शान्तिसम्झौता भयो । सन् १९७० को फिफा विश्वकपको छनोटका लागि भएको प्रतिस्पर्धाको समयबाट सुरु भएकाले यो 'फुटबल युद्ध'का नामले चिनिन्छ ।

सन् २०२२ : ब्राजिलमा लुइस इनासियो लुला दा सिल्भा जेयर बोल्सोनारोलाई हराउँदै तेस्रो कार्यकालका लागि राष्ट्रपति चुनिए ।

विश्व संक्षेप

मस्कोमा लगातार युक्रेनी ड्रोन आतंक

मस्को/ लगातार तेस्रो रात पनि मस्कोको आकाशमा युक्रेनी ड्रोनले आतंक सिर्जना गरे । ड्रोनका कारण मस्कोका अधिकांश विमानस्थल बन्द गर्नुपरेको रुसी अधिकारीले मंगलबार जानकारी दिए । हवाई उडानको निगरानी गर्ने संस्था रोसाभियात्सियाले मस्कोको सेरेमित्येभो, दोमोदेदोभो र झुकोभ्स्की विमानस्थबाट उडान रोकिएको वा सीमित गरेको बताएको छ ।

विगतमा जस्तै रुसले क्षतिको विवरण नदिई सबै युक्रेनी ड्रोन नष्ट गरिएको दाबी गरेको छ । नागरिकको ज्यान र पूर्वाधारमाथि क्षति नभएसम्म सामान्यतया रुसी अधिकारीले युक्रेनी आक्रमणको प्रभावबारे सीमित विवरण दिने गर्छन् । अघिल्ला दुई रातमा समेत मस्को क्षेत्रमा ३५ युक्रेनी ड्रोन नष्ट गरिएको रुसको रक्षा मन्त्रालयले जानकारी दिएको थियो । युक्रेनले मस्को र अन्य रुसी क्षेत्रमा हालैका महिनामा आक्रमण बढाएको छ । लामो दूरीको ड्रोनमार्फत गरिएका यी आक्रमण रुसको सैन्य र औद्योगिक क्षमता कमजोर बनाउने उद्देश्यले प्रहार गरिएको उसको धारणा छ । साथै युद्धको असर रुसीहरूलाई समेत महसुस गराउने लक्ष्य रहेको युक्रेनको दाबी छ । उता, युक्रेनले रुसको स्टाभ्रोपोल ओब्लास्टमा रहेको बुडियोनोभ्स्क औद्योगिक क्षेत्रलाई लक्षित गर्दै धेरै ड्रोन प्रक्षेपण गरेको त्यहाँका गभर्नर भ्लादिमिर भ्लादिमिरोभले भने । अनलाइन समाचारअनुसार युक्रेनी ड्रोनले पेट्रोकेमिकल र प्लास्टिक संयन्त्रलाई निसाना बनाएको र आक्रमणपछि आगो देखाइएको भिडियो प्रकाशित छन् ।

ट्रम्पले स्वीकारे तेस्रो कार्यकाल उठ्न नपाउने व्यवस्था

सियोल/ संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले संविधानमा तोकिएका सीमा स्वीकार गर्दै तेस्रो कार्यकालका लागि उम्मेदवार हुन नसक्ने स्विकारेका छन् । साथै उनले यसप्रति पछुतो व्यक्त गरेका छन् । 'संविधान पढ्नुभयो भने सबै कुरा स्पष्ट छ,' ट्रम्पले बुधबार जापानबाट दक्षिण कोरिया जाँदै गर्दा राष्ट्रपति चढ्ने विमान 'एयर फोर्स वान'मा पत्रकारलाई सम्बोधन गर्दै भने, 'म (फेरि) उम्मेदवार हुन सक्दिनँ, जुन धेरै नराम्रो कुरा हो ।'

ट्रम्पले तेस्रो कार्यकाल पनि राष्ट्रपति हुन सक्ने सम्भावना अस्वीकार नगरेको प्रतिक्रिया दिएको केहीपछि ट्रम्पको पछिल्लो टिप्पणी आएको हो । अमेरिकी संविधानको २२औँ संशोधनले राष्ट्रपतिको कार्यकाल दुई कार्यकालमा सीमित गरेको छ ।

जनवरीमा दोस्रो कार्यकाल सुरु गरेका ट्रम्पले तेस्रो कार्यकाल उठ्न संविधान संशोधन गर्नुपर्ने हुन्छ । अमेरिकाको संविधानको कुनै संशोधनले झन्डै एक दशक लामो समय लिन सक्छ, संशोधनलाई देशका पचासमध्ये तीनचौथाइ राज्यको विधायिकी र कंग्रेसको उत्तिकै संख्याले अनुमोदन गर्नुपर्ने हुन्छ ।

गत हप्ता मात्रै ट्रम्पका पूर्वरणनीतिकार स्टिव ब्याननले ७९ वर्षीय ट्रम्पले थप कार्यकालको लागि उम्मेदवारी दिन सक्ने विषयमा तयारी गरिरहेको बताएका थिए । लगत्तै तल्लो सदनका सभामुख माइक जोनसन र ट्रम्पबिच मंगलबार यस विषयमा छलफल भएको र तेस्रो कार्यकाल असम्भव रहेको निष्कर्ष निकालेको बताइएको छ ।

ट्रम्पका समर्थकमाझ भने सिद्धान्तले व्यापकता पाएको छ, जसअनुसार आगामी निर्वाचनमा अहिलेका उपराष्ट्रपति जेडी भान्स राष्ट्रपति उम्मेदवार र ट्रम्प उनका उपराष्ट्रपति उम्मेदवार बन्नेछन् । उपराष्ट्रपतिका रूपमा उम्मेदवार दिएर जितेपछि राष्ट्रपतिले पद त्यागेर ट्रम्पलाई राष्ट्रपति बनाउने रणनीतिबारे सोध्दा उनले यो विचार अति बचपना भन्दै खारेज गरे । 'मलाई त्यस्तो गर्ने अनुमति भए पनि म त्यस्तो गर्दिनँ,' ट्रम्पले भने ।

गाजामा इजरायली आक्रमण कम्तीमा १०४ जनाको मृत्यु

गाजा/ गाजामा इजरायली हवाई आक्रमणमा बालबालिकासहित कम्तीमा १०४ जनाको मृत्यु भएको छ । आक्रमणमा कम्तीमा ३५ बालबालिकाको मृत्यु भएको छ भने २०० जना घाइते भएको गाजाको नागरिक रक्षा एजेन्सीले जनाएको छ । मृतक र घाइतेहरू पुऱ्याइएका गाजाका पाँच अस्पतालका चिकित्सा अधिकारीको रिपोर्ट हेरेको 'एजेन्सी फ्रान्स-प्रेस (एएफपी)'ले पनि यो संख्या सही भएको पुष्टि गरेको छ । यो हताहती दुई वर्षको युद्धका क्रममा एकै दिन सबैभन्दा धेरै मारिएको आक्रमणमध्ये एक हो ।

इजरायली सरकारमा सामेल उग्र दक्षिणपन्थी नेताहरूले पुनः युद्धमा फर्कनुपर्ने मागबिच नेतन्याहुले आपत्कालीन मन्त्रिपरिषद् बैठक बोलाएका थिए । बमबारीपछि हमासले मंगलबार राति हुने भनिएको केही बन्धकको शव फिर्ता गर्ने योजना रद्द गर्दै पछिल्लाई सारेको छ । पछिल्लो आक्रमणमा मध्य गाजाको देइर अल-बलाहमा विस्थापित मानिसलाई बसोवास गर्ने पाल पनि निसानामा परेको छ । त्यस्तै क्यान्सर बिरामी राखिएको शिविर इन्सान शिविर पनि बच्न सकेन ।

उता, एसिया भ्रमणमा रहेका अमेरिकी राष्ट्रपतिले भने बुधबार पत्रकारसँगको भलाकुसारीमा इजरायलको कारबाहीको बचाउ गरे । उनले दक्षिणी गाजामा ३७ वर्षीय इजरायली सैनिक मारिएको प्रतिक्रियामा इजरायलले जवाफी कारबाही गरेको बताए । यसले युद्धविरामलाई खतरामा नपार्नेमा उनले जोड दिए ।

पाकिस्तानको विदेश नीतिमा आएको परिवर्तन दबाबको परिणाम

एसियामा सन्तुलन कायम राख्न उत्सुक ट्रम्पका लागि पाकिस्तान भारतलाई सन्तुलित राख्न फेरि उपयोगी माध्यम देखिएको छ



● इरिक साहजार

साहजार युनिभर्सिटी अफ हर्टफोर्डसायरका प्राज्ञिक हुन् ।

पाकिस्तानले भूराजनीतिक लयलाई ठिकसँग पछ्याएको देखिन्छ । गत महिना पाकिस्तानले साउदी अरेबियासँग रक्षा सम्झौतामा हस्ताक्षर गऱ्यो । यस साहसी सम्झौताअन्तर्गत दुईमध्ये एउटा देशमाथि आक्रमण भएमा दुवैमाथि हमला भएको मानिनेछ । यस सम्झौताले प्रतिद्वन्द्वीपूर्ण भावनाले ग्रस्त यस क्षेत्रमा सुरक्षा सुनिश्चितताको नाटकीय वृद्धि हो । साथै, इस्लामाबादले मौन संयुक्त राज्य अमेरिकामा दुर्लभ खनिज नमुनाहरू पठाएको छ र गहन निर्यात सम्झौताको प्रयास गरिरहेको छ । अर्कोतर्फ वासिंटन आफ्नो तर्फबाट पाकिस्तानलाई उत्तेजकभन्दा पृथक् तरिकाले व्यवहार गर्न इच्छुक देखिन्छ ।

यी चालहरूले फरक गतिलाई संकेत गर्छ । इस्लामाबाद र रियादका टिप्पणीकारले यसलाई पाकिस्तानी विदेश नीतिको पुनर्जागरण र देशको रणनीतिक अपरिहार्यताले ढिलै भए पनि मान्यता पाएको बताएका छन् । गाजा शान्ति शिखर सम्मेलनमा प्रधानमन्त्री सेहबाज सरिफको उपस्थितिले मुस्लिम संसार केन्द्रमा फर्किएको राष्ट्रको धारणालाई मात्र बलियो बनायो । तर, यो रातारात भएको चमत्कार होइन । यो अस्थिर क्षेत्रमा आवश्यकता, दबाब र परिवर्तनशील पंक्तिबद्धताको उत्पादन हो । दृश्यपछाडि कडा वास्तविकता छन् ।

पाकिस्तानको विदेश नीतिमा जोड दिने पहिलो चालक अफगानिस्तानबाट अमेरिकी फिर्ती हो । वासिंटनको अचानक बहिर्गमनले एउटा शून्यता सिर्जना गरेको थियो, जसलाई भर्न उसले अझै पनि संघर्ष गरिरहेको छ । शत्रुतापूर्ण इरान र तालिबानको सरकारसँग अमेरिकालाई यस क्षेत्रमा प्रति-भारको आवश्यकता छ । यसको भूगोल, गुप्तचर सञ्जाल र अफगान मामिलामा लामो समयदेखिको उलझनका साथ पाकिस्तान अचानक फेरि महत्त्वपूर्ण छ ।

अमेरिकी फिर्तालाई मार्ग प्रशस्त गर्ने सम्झौतामा हस्ताक्षर गरेको पाँच वर्षपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको बाग्राम एयरबेस हस्तान्तरणको माग गरेका छन् । यस मागमा अमेरिकाको लाभको खोजीलाई संकेत गर्छ । यदि त्यो चाल असफल भयो भने पाकिस्तान स्पष्ट रूपमा आफ्नो पुरानो खराब व्यावहारमा फर्कन्छ, जुन यस क्षेत्रमा वासिंटनलाई उपस्थितिका लागि मद्दत गर्ने रसद क्षमता र राजनीतिक सम्बन्ध भएको एक मात्र देश हो ।



> इस्लामाबादको वासिंटनसम्मको पहुँच दुर्लभ खनिजको पहुँचमा केन्द्रित छ, जसमध्ये धेरै बलुचिस्तानको अशान्त क्षेत्रमा अवस्थित छन् । कागजमा यो दुवैको जित जस्तो देखिन्छ, पाकिस्तानले लगानी प्राप्त गर्छ र अमेरिकाले महत्त्वपूर्ण स्रोतहरू सुरक्षित गर्छ । तर, वास्तविकता अँध्यारो छ ।

दोस्रो कारक अमेरिका र भारतबिचको असहज सम्बन्ध हो । आफ्नो विश्वव्यापी 'प्रोफाइल'लाई अझ बलियो पार्ने कदमको एक अंशका रूपमा विगत एक दशकमा वासिंटनले नयाँदिल्लीलाई आफ्नो इन्डो-प्यासिफिक रणनीतिमा अझ गहिरो रूपमा तान्यो, जसलाई पाकिस्तानले खतराको रूपमा हेरेको छ । तैपनि, अमेरिका र भारतबिचको सम्बन्धमा केही चिसोपन आएको छ । दुई देशबिच भिसा र शुल्कमा विवाद बढेको छ । भारतले मस्कोलाई काँध हालेकोमा वासिंटनमा आक्रोश बढेको छ ।

प्रधानमन्त्री नरेन्द्र मोदीको अगस्टमा बेइजिङ भ्रमणले स्पष्ट संकेत दिएको छ कि भारत चीनसँगको आफ्नो सम्बन्ध सुधार्न इच्छुक छ । आर्थिक रूपमा पूर्वी एसियाको कम लागतको निर्यात रणनीतिमा आधारित उनको 'मेक इन इन्डिया' कार्यक्रमले अमेरिकी उत्पादनलाई कमजोर बनाउन सक्छ । एसियामा सन्तुलन कायम राख्न उत्सुक ट्रम्पका लागि पाकिस्तान भारतलाई सन्तुलित राख्न फेरि उपयोगी देखिन्छ ।

तेस्रो र सबैभन्दा अनिश्चित चालक खनिज कूटनीति हो । इस्लामाबादको वासिंटनसम्मको पहुँच दुर्लभ खनिजको पहुँचमा केन्द्रित छ, जसमध्ये धेरै बलुचिस्तानको अशान्त क्षेत्रमा अवस्थित छन् । कागजमा यो दुवैको जित जस्तो देखिन्छ, पाकिस्तानले लगानी प्राप्त गर्छ र अमेरिकाले महत्त्वपूर्ण स्रोतहरू सुरक्षित गर्छ । तर, वास्तविकता अँध्यारो छ । अर्कोतर्फ, बलुचिस्तान खानी तथा खनिज ऐन २०२५ ले असन्तुष्टिलाई अझ गहिरो बनाएको छ । यस ऐनअन्तर्गत इस्लामाबादलाई औपचारिक रूपमा बलुचिस्तानमा खानी नीतिहरू र इजाजतपत्र निर्णयहरू सिफारिस गर्ने अधिकार दिइएको छ, जुन कदमले राजनीतिक परिदृश्यमा विरोध निम्त्याएको छ । यसले प्रान्तीय स्वायत्ततालाई कमजोर बनाउने र हालसालै इस्लामाबादमा नियन्त्रणलाई बढावा दिएको आलोचकको तर्क छ । राष्ट्रवादी समूहसँग बिरलै गठबन्धन गरिएका जमियत उलेमा-ए-इस्लाम (जेयुआई-एफ) जस्ता दक्षिणपन्थी धार्मिक दलले पनि विरोध जनाएका छन्, जसले कानुनलाई प्रान्तको स्रोतमा स्थानीय समुदायको उचित हिस्सेदारीबाट वञ्चित गर्ने अर्को प्रयासको रूपमा चित्रण गरेको छ ।

यो शत्रुतापूर्ण व्यवहारले खतरनाक प्रवृत्तिलाई उजागर गर्छ । स्थानीय सहभागिताविनाको स्रोतको दोहनले आक्रोश र विद्रोहलाई बढावा दिन्छ । सामाजिक सुरक्षाविना विदेशी लगानीकर्तालाई खनिज सम्पत्ति खुला गरेर इस्लामाबादले पहिले नै द्वन्द्व र सैन्यीकरणले ग्रस्त प्रान्तको अलगावलाई गहिरो बनाउने जोखिम उठाउँछ । इस्लामाबादमा मुक्ति जस्तो देखिने कुरा क्वेटामा विस्थापनजस्तो देखिन सक्छ ।

यी चालकलाई एकसाथ हेर्दा पाकिस्तानको विदेश नीतिमा आएको परिवर्तन दबाबमा गणना गरिएको कोसेढुंगाभन्दा पनि पुनर्जागरणमा कमी हो भन्ने देखाउँछ । अफगानिस्तानमा देखिएको शून्यता, अमेरिका-भारत सम्बन्धमा आएको उतारचढाब र खनिज कूटनीतिको आकर्षण सबैले इस्लामाबादको नयाँ प्रतिष्ठाको व्याख्या गर्न सक्छन् । तर, यी सबैले कुनै पनि अन्तर्निहित कमजोरीलाई मेटाउँदैन । आफ्नो प्राथमिकता परिवर्तन हुँदा वासिंटनले फेरि एकपटक पाकिस्तानलाई रद्दीको टोकरीको रूपमा व्यवहार गर्न सक्छ । अमेरिकी रणनीतिमा भारतको महत्त्व हटेको छैन । र, स्रोतसाधनसम्बन्धी सम्झौतामा केही तलमाथि भएमा मात्र पनि बलुचिस्तानको गुनासो गहिरो हुनेछ ।

रियादमा भएको ताली, गाजा शिखर सम्मेलनमा देखिएका भिजिबिलिटी र वासिंटनमा विनम्र हात मिलाउने कुरालाई रणनीतिक पुनर्जन्मको रूपमा लिनुहुँदैन । पाकिस्तानले सावधानीपूर्वक कदम चालिरहेको छ, दबाबमा सुधार गरिरहेको छ र कमजोरीलाई अवसरमा परिणत गर्न खोजिरहेको छ । तर, वास्तविक परीक्षा देशभित्रै छ । जबसम्म इस्लामाबादले शासनमा असफलता, क्षेत्रीय असमानता र राजनीतिक अविश्वासको सामना गर्न सक्दैन, विदेश नीतिको उपलब्धि कमजोर रहनेछ ।

अलजजिराबाट

ठुला म्यानपावर कम्पनीलाई फाइदा हुने गरी मलेसियाले ल्यायो १० नयाँ मापदण्ड

अजित अधिकारी/नयाँ पत्रिका

मलेसियाको परराष्ट्र मन्त्रालयले नेपाल, भारत, बंगलादेश, पाकिस्तान र म्यानमारबाट कामदार आपूर्ति गर्ने म्यानपावर कम्पनीका लागि नयाँ मापदण्ड लागू गरेको छ। मलेसियाको मानव संशोधन मन्त्रालयले क्वालालम्पुरस्थित नेपाली दूतावासलाई गराएको जानकारीअनुसार पाँच देशबाट आप्रवासी कामदार आपूर्ति गर्न अब म्यानपावर कम्पनीलाई विभिन्न १० मापदण्ड लागू गरिएको छ। तर, नयाँ मापदण्ड सिमिति म्यानपावरको हितमा हुने गरी जारी गरेको भन्दै आलोचना सुरु भइसकेको छ। नयाँ मापदण्डमा सरकारबाट स्वीकृति प्राप्त गरी कम्तीमा पाँच वर्ष सञ्चालन गरेको म्यानपावर हुनुपर्ने, पाँच वर्षमा कम्तीमा तीन हजार श्रमिक व्यवस्थापन गरेको हुनुपर्ने, कम्तीमा तीनवटा मुलुकमा श्रमिक पठाएका हुनुपर्नेलगायतका मापदण्ड लागू गरिएको छ।

नयाँ मापदण्डको विषयमा क्वालालम्पुरस्थित नेपाली दूतावासबाट औपचारिक पत्र भने आइनसकेको परराष्ट्र मन्त्रालयका सहसचिव पुष्प भट्टराईले जानकारी दिए। 'नेपाली दूतावाससम्म मलेसियाको पत्र प्राप्त भएको जानकारी छ, तर हामीकहाँ आइसकेको छैन,' उनले भने, 'औपचारिक पत्र प्राप्त भइसकेपछि मन्त्रालयबाट थप जानकारी दिन सकिन्छ।'

परराष्ट्रले पत्र नपाएकाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई यस विषयमा जानकारी दिएको छैन। श्रम मन्त्रालयका एक अधिकारीले पनि अनौपचारिक रूपमा क्वालालम्पुरस्थित दूतावासबाट मलेसियाले लेखेको पत्र प्राप्त भएको बताए। उनले भने 'मैले व्यक्तिगत रूपमा पत्र पाएर हेरेको छु, तर परराष्ट्रबाट यस विषयमा औपचारिक पत्र नआएकाले केही भन्न मिल्ने अवस्था छैन।'

मलेसियाको परराष्ट्र मन्त्रालयले क्वालालम्पुरस्थित दूतावासलाई लेखेको पत्रमा आप्रवासी कामदारको हितलाई ध्यान दिएर पाँच देशका म्यानपावर कम्पनीलाई कडाइ गर्न नयाँ मापदण्ड जारी गरेको उल्लेख छ। 'नेपालबाट मलेसियामा श्रमिकको भर्ती र स्थानान्तरणका लागि अनुमतिप्राप्त भर्ती एजेन्सीका लागि मापदण्ड जारी गरिएको छ' पत्रमा भनिएको छ, 'मलेसियाली सरकारको उद्देश्य श्रम आप्रवासनलाई युक्तिसंगत र नैतिक बनाउनु हो, जसले प्रवासी श्रमिकहरूको कल्याणलाई बढावा दिनेछ।'

आगामी २९ कात्तिकभित्र तोकिएको मापदण्ड पूरा गरेका म्यानपावर कम्पनीको सूची उपलब्ध गराउन ध्यानाकर्षण गराएको विषयले भने मलेसियाको रोजगारीमा सिन्डिकेट लादन खोजेको संशय उब्जिएको छ। छोटो समयमा १० नयाँ मापदण्ड लागू गरेको कम्पनी खोज्नु मलेसियाको रोजगारीमा सोझै सिन्डिकेट गर्न लागेको अर्थमा बुझ्नुपर्ने वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष भुवन गुरुङले बताए। उनले मलेसियाबाट नेपालको म्यानपावर कम्पनीको मापदण्ड जारी हुनु नै गलत भएको पनि बताए।

संघका पूर्वअध्यक्ष रोहन गुरुङले सीमित म्यानपावरलाई मात्रै मलेसियाको रोजगारीमा श्रमिक पठाउने उद्देश्यले नयाँ मापदण्ड लागू गर्न खोजिएकाले सरकारलाई अस्वीकार गर्न उनले सुझाव दिएका छन्।

श्रम मन्त्रालयका प्रवक्ता पीताम्बर घिमिरेले मलेसियाबाट म्यानपावर कम्पनीका लागि जारी भएको मापदण्डबारे अनभिज्ञता प्रकट गरे। 'के कस्तो पत्र भन्ने थाहा छैन। आधिकारिक रूपमा कतैबाट पत्राचार भएछ भने मात्रै धारणा सार्वजनिक गर्न सकिएला,' उनले भने।

सन् २०३० भित्र विदेशी कामदारको संख्या १० प्रतिशतमा झार्ने लक्ष्य

मलेसियाले सन् २०३० भित्र आप्रवासी कामदारको संख्या १० प्रतिशतमा झार्ने लक्ष्य लिएको छ। अहिले मलेसियामा १५ प्रतिशत आप्रवासी कामदार छन्। १३औँ मलेसिया योजना (सन् २०२६-३०) कार्यान्वयन गर्दै सरकारले आन्तरिक रोजगारी वृद्धिका माध्यमबाट उत्पादकत्व वृद्धि र देशभित्रकै युवालाई उच्च तलब सुविधासहित रोजगारी सिर्जना गर्ने लक्ष्य राखेको छ।



मलेसियाले बनाएको मापदण्ड नेपालमा लागू गर्न सकिँदैन

● **भुवन गुरुङ**, अध्यक्ष, वैदेशिक रोजगार व्यवसायी संघ

मलेसियाले नेपालको म्यानपावर कम्पनीको लागि मापदण्ड बनाउन पाउँदैन। नेपालको कानुनअनुसार दर्ता र सञ्चालन भएका म्यानपावर अन्य देशको नियम कानुनअनुसार चल्ने भन्ने पनि हुँदैन। मलेसियाको रोजगारीमा विगतदेखि नै विभिन्न बहानामा सिन्डिकेट गर्न खोजिँदै आएकाले अहिले अनावश्यक मापदण्ड लागू गरेर सिन्डिकेट संस्थागत गर्न खोजेको आशंका छ। तर, सिन्डिकेट लागू गर्न सम्भव छैन। यदि अनावश्यक मापदण्ड लागू गर्न खोजियो भने मलेसियामा कामदार पठाउन नै पूर्ण रूपले बन्द गरिनेछ।

मलेसियाले म्यानपावरलाई तोकेको १० मापदण्ड

■ नेपालसहित बंगलादेश, भारत, पाकिस्तान र म्यानमारका म्यानपावरले सरकारी निकायबाट इजाजत लिएर सेवा सुरु गरेको कम्तीमा पाँच वर्ष पूरा गरेको हुनुपर्नेछ।

■ पछिल्लो पाँच वर्षमा कम्तीमा तीन हजार विदेशी श्रमिकको व्यवस्थापन गरेको अनुभव हुनुपर्नेछ।

■ पछिल्लो पाँच वर्षमा कम्तीमा तीनवटा श्रम गन्तव्य मुलुकमा श्रमिक पठाएर व्यवस्थापन गरेको रेकर्ड हुनुपर्नेछ।

■ म्यानवापर कम्पनीले श्रमिकको प्रशिक्षण, मूल्यांकन, भर्ती र स्थानान्तरणका लागि आवश्यक सबै वैध अनुमति र लाइसेन्सप्राप्त गरेको हुनुपर्छ।

■ म्यानपावर कम्पनीका सञ्चालकसँग स्रोत देश (मलेसिया)का सम्बन्धित निकायबाट राम्रो आचरणको प्रमाणपत्र हुनुपर्ने।

■ म्यानपावर कम्पनी मानव बेचबिखन, श्रम कानुन उल्लंघन, जबर्जस्ती, ठगी वा अन्य कुनै पनि वित्तीय अपराधमा संलग्न नभएको हुनु पर्छ।

■ म्यानपावर कम्पनी आफैंसँग प्रशिक्षण र तालिम केन्द्र हुनुपर्छ। जसमा आवास, प्राविधिक प्रशिक्षणलगायतका सुविधा हुनुपर्छ।

■ म्यानपावर कम्पनीले कम्तीमा पाँचवटा अन्तर्राष्ट्रिय रोजगारदाताबाट लेखिएको प्रशंसापत्र प्रस्तुत गर्नुपर्ने, जसमा म्यानपावर कम्पनीको सेवाबाट सन्तुष्टि व्यक्त गरिएको विवरण उल्लेख भएको हुनुपर्छ।

■ कम्तीमा १० हजार वर्गफिट क्षेत्रफल भएको स्थायी कार्यालय तीन वर्षदेखि सञ्चालनमा रहेको हुनुपर्दछ। यस्तो कार्यालयमा पर्याप्त पूर्वाधार क्षमता र श्रमिक भर्ती प्रक्रिया सही रूपमा सञ्चालन गर्न आवश्यक सबै सुविधा हुनुपर्छ।

■ म्यानपावर कम्पनीले मलेसियासहितका देशको सबै कानुनी र व्यवस्थित श्रमिक भर्तीसम्बन्धी कानुनको पालना गरेको प्रमाण प्रस्तुत गर्नुपर्छ।



२३ अर्ब ७५ करोड लागतका दुई अन्तरदेशीय प्रसारणलाइन बनाउन अन्तिम सम्झौता

तीन महिनाभित्र नेपाल र भारतमा संयुक्त लगानीका एक-एकवटा कम्पनी स्थापना, ०३० भित्र इनरुवा-पूर्णिया र लम्की-बरेली प्रसारणलाइन तयार



मिलन विश्वकर्मा/नयाँ पत्रिका

नेपाल-भारतबिच थप दुई अन्तरदेशीय प्रसारणलाइन बनाउन संयुक्त लगानीको कम्पनी स्थापना गर्ने द्विपक्षीय सम्झौता भएको छ। नेपाल र भारतको संयुक्त लगानीमा ४०० केभी क्षमताका 'इनरुवा-पूर्णिया' र 'लम्की (दोदोधारा) बरेली' अन्तरदेशीय प्रसारणलाइन निर्माण गरिँदै छ। यसका लागि बुधबार भारतको नयाँदिल्लीमा नेपाल विद्युत् प्राधिकरण र पावर ग्रिड कर्पोरेसन अफ इन्डिया लिमिटेडबिच संयुक्त उपक्रम (जेभि) तथा सेयरहोल्डर सम्झौता भएको हो। परियोजना निर्माणका लागि द्विपक्षीय रुपमा गर्नुपर्ने यो नै अन्तीम सम्झौता हो।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री कुलमान घिसिङ र भारतका विद्युत्मन्त्री मनोहरलाल खट्टरको उपस्थितिमा भएको सम्झौतापत्रमा प्राधिकरणका उपकार्यकारी निर्देशक सुभाषकुमार मिश्र र पावर ग्रिडका अन्तर्राष्ट्रिय व्यवसाय प्रमुख सञ्चालन अधिकृत सञ्जयकुमार गुप्ताले हस्ताक्षर गरेका छन्।

यी दुई अन्तरदेशीय प्रसारणलाइन बनाउन नेपाल र भारतमा छुट्टाछुट्टै कम्पनी स्थापना गरिनेछ। नेपालमा स्थापना हुने कम्पनीले दुवै प्रसारणलाइनको नेपाल खण्ड निर्माण गर्नेछ। बुधबारको सम्झौताअनुसार नेपालमा स्थापना हुने कम्पनीमा प्राधिकरणको बहुमत अर्थात् ५१ प्रतिशत सेयर स्वामित्व हुनेछ। पावर ग्रिड कर्पोरेसन अफ इन्डियाको भने ४९ प्रतिशत सेयर स्वामित्व हुनेछ।

यस्तै, भारतमा स्थापना हुने कम्पनीले दुवै प्रसारणलाइनको भारत खण्डको निर्माण गर्नेछ। सम्झौतापत्रअनुसार उक्त कम्पनीमा भने पावर ग्रिड कर्पोरेसन अफ इन्डियाको बहुमत अर्थात् ५१ प्रतिशत सेयर स्वामित्व हुनेछ। प्राधिकरणको भने ४९ प्रतिशत सेयर स्वामित्व हुनेछ।

अहिले नेपाल र भारतबिच एउटा मात्रै उच्च क्षमताको ४०० केभीको ढल्केबर-मुजफ्फरपुर प्रसारणलाइन सञ्चालनमा छ। यो बाहेक ४०० केभी क्षमताकै न्यू बुटवल-गोरखपुर प्रसारणलाइन पनि निर्माणको क्रममा छ। नेपाल खण्डको निर्माण भने एमसिसी अनुदानअन्तर्गत निर्माण हुँदै छ। त्यसको भारत खण्डको निर्माण बराबर अर्थात् ५०-५० प्रतिशत लगानीमा भइरहेको छ। बराबर सेयर स्वामित्व हुँदा आकस्मिक निर्णय लिन अप्ठ्यारो भएपछि यी नयाँ दुई प्रसारणलाइनमा भने आफ्नो खण्डको निर्माण बहुमत सेयर स्वामित्व लिएर गर्ने मोडेल अपनाइएको हो। गत २९ माघमा भारतको नयाँदिल्लीमा सम्पन्न १२औँ संयुक्त ऊर्जा सचिवस्तरीय बैठकले नै यो मोडेलमा सहमति गरेको थियो। त्यसपछि प्राधिकरण र पावर ग्रिडबिच विभिन्न चरणमा भएका छलफलले ९ वैशाख ०८२ प्रसारणलाइन निर्माणका लागि संयुक्त कम्पनी संस्थापना गर्ने समझदारीपत्र (एमओयू)मा हस्ताक्षर भएको थियो। अहिले संयुक्त उपक्रम (जेभी) तथा सेयरहोल्डर सम्झौता भएको हो।। दुवै प्रसारणलाइनको निर्माण सन् २०३० भित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

सम्झौतापत्र समारोहमा उपस्थित भएका प्राधिकरणका प्रवक्ता राजन ढकालले अबको दुई-तीन महिनामा संयुक्त लगानीको कम्पनी स्थापना हुने बताए। 'अबको दुई-तीन महिनामा दुवै देशमा कम्पनी स्थापनाको काम सम्पन्न गर्ने लक्ष्य छ। यी दुई प्रसारणलाइनमा सेयर लगानी गर्न ३० असोजको मन्त्रिपरिषद्ले स्वीकृति दिइसकेको छ। अब राष्ट्र बैंकबाट विदेशी मुद्रा सटहीसम्बन्धी थप स्वीकृति लिनुपर्छ,' उनले भने, 'भारतले पनि यहाँको केन्द्रीय बैंकबाट वैदेशिक लगानीसम्बन्धी स्वीकृति लिनुपर्छ। यीसहित कम्पनी ऐनले तोकेको प्रक्रिया पूरा गरेर दुई-तीन महिनामा कम्पनी दर्ता गर्छौं। त्यसपछि विस्तृत डिजाइन गरेर टेन्डरमा जानेछौं।'

गत ३० असोजको मन्त्रिपरिषद्ले यी दुई परियोजनामा तीन अर्ब लगानी गर्न प्राधिकरणलाई अनुमति दिइसकेको छ। 'इनरुवा-पूर्णिया तथा दोधारा-बरेली ४०० केभी अन्तरदेशीय प्रसारणलाइन निर्माण गर्न नेपाल विद्युत् प्राधिकरण र भारतको पावर ग्रिड कर्पोरेसन अफ इन्डिया लिमिटेडको संयुक्त लगानीमा नेपाल तथा भारत दुवै भूमिमा दुईवटा संयुक्त कम्पनी स्थापना गर्ने र उल्लिखित दुईवटा संयुक्त कम्पनीमा नेपाल विद्युत् प्राधिकरणबाट क्रमशः एक अर्ब तथा दुई अर्बबराबरको स्वपुँजी लगानी गर्न स्वीकृति प्रदान गर्ने,' मन्त्रिपरिषद्को निर्णयमा भनिएको छ।

कार्यक्रममा मन्त्री घिसिङले थप दुईवटा क्रस बोर्डर प्रसारणलाइन निर्माण अगाडि बढ्नु द्विपक्षीय एवं क्षेत्रीय विद्युत् व्यापारका लागि अर्को महत्वपूर्ण कोसेढुंगा भएको बताए। अन्तरदेशीय प्रसारणलाइनको निर्माणबाट दुई देशबिच तथा क्षेत्रीयस्तरमा समेत नेपालमा उत्पादित विद्युत् निर्यात गर्ने आधार तयार भई नेपालका जलविद्युत्मा स्वदेशी तथा प्रत्यक्ष वैदेशिक लगानी ल्याउन थप सहज हुने उनको भनाइ छ। साथै, अन्तर्राष्ट्रिय ऊर्जा बजारसम्म नेपालको पहुँच पुर्याई नेपालका जलविद्युत्मा स्वदेशी तथा प्रत्यक्ष वैदेशिक लगानी ल्याउन थप सहज हुने पनि मन्त्री घिसिङले बताए। भारतीय विद्युत्मन्त्री खट्टरले थप दुईवटा क्रस बोर्डर प्रसारणलाइनको निर्माण सम्पन्न भएपछि नेपाल-भारतबिचको विद्युत् विनिमय थप सुदृढ हुनुका साथै क्षेत्रीय ऊर्जा सुरक्षामा सुधार, सुदृढ ग्रिड बन्ने हुँदा दुवै देशको आर्थिक वृद्धिमा योगदार पुर्याउने उल्लेख गरे।

८० प्रतिशत ऋण लिइने, २० प्रतिशत स्वपुँजी लगानी

दुई प्रसारणलाइनको निर्माणमा ८० प्रतिशत ऋण र २० प्रतिशत सेयर पुँजी रहने गरी वित्तीय व्यवस्थापन गरिनेछ। इनरुवा पूर्णिया प्रसारणलाइनको करिब २६ किलोमिटर खण्ड नेपाली र १०९ किलोमिटर खण्ड भारतीय भूभागमा पर्नेछ। लम्की-बरेली प्रसारणलाइनको करिब ३३ किलोमिटर खण्ड नेपाली र १८५ किलोमिटर खण्ड भारतीय भूभागमा निर्माण हुनेछ।

यी दुई परियोजनाको कुल लागत अनुमान २३ अर्ब ७५ करोड ४४ लाख नेपाली रुपैयाँ अर्थात् १४ अर्ब ८४ करोड ६५ लाख भारतीय रुपैयाँ रहेको छ। नेपाल भारत संयुक्त प्राविधिक टोलीले सन् २०१९ मा तयार पारेको अध्ययन प्रतिवेदनअनुसार इनरुवा पूर्णिया प्रसारणलाइनको प्रारम्भिक लागत अनुमान ६ अर्ब १३ करोड ६५ लाख भारु रहेको छ। त्यसमा नेपाल खण्डको दुई अर्ब ६५ लाख र भारत खण्डको चार अर्ब १३ करोड भारतीय रुपैयाँ लाग्ने अनुमान गरिएको छ।

त्यस्तै लम्की बरेली प्रसारण लाइनको नेपालमा प्रारम्भिक लागत आठ अर्ब ७१ करोड भारु रहेको छ। त्यसमा नेपाल खण्डको दुई अर्ब ५७ करोड र भारत खण्डको ६ अर्ब १४ करोड भारु लागत अनुमान रहेको छ। प्राधिकरणले आफ्नै स्रोतबाट नेपाल र भारतमा संस्थापना हुने संयुक्त कम्पनीमा एक अर्ब र दुई अर्बबराबरको इक्विटी लगानी गर्नेछ।

लुक्ला अस्पतालको २० वर्ष

तीन लाख बिरामीले पाए उपचार सेवा



